**लालीगुराँस नगरपालिका, बसन्तपुर, तेह्रथुमका नगर प्रमुख श्री अर्जुन माबोहाङद्वारा छैठौं नगर सभा तथा चौथो बजेट अधिवेसनमा प्रस्तुत**
**आ.ब.२०७७।०७८ को बार्षिक नीति, कार्यक्रम तथा बजेट**
**मिति २०७७।०३।१४ गते आइतबार ।**

यस गरिमामय **छैठौं** नगर सभा तथा चौथो बजेट अधिवेशनमा उपस्थित हुनु भएका
नगर उपप्रमुख,
प्रमुख प्रशासकीय अधिकृत,
वडाध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्यहरु, नगरसभाका सदस्यज्यूहरु,
बिभिन्न राजनैतिक दलका नगर स्थित प्रमुख तथा प्रतिनिधिहरु
नगरपालिका स्थित विभिन्न कार्यालयहरु तथा संघ/संस्थाका प्रमुख तथा प्रतिनिधि
नगरबासी आमा-बुबा, दिदी-वहिनी, दाजु-भाइहरु,
उपस्थित कर्मचारीहरु
पत्रकार मित्रहरु

आज हामी लालीगुराँस नगरपालिकाको छैठौं नगर सभा तथा चौथो बजेट अधिवेशन समारोहमा उपस्थित भएका छौ । सर्वप्रथम यस पावन अवसरमा मुलुकमा प्रजातन्त्र, लोकतन्त्र तथा संघीय गणतन्त्र प्राप्तिका लागि जीवन आहुति दिनुहुने ज्ञात-अज्ञात शहीदहरु प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दछु ।

बर्तमान अबस्थामा कोरोना भाइरस (कोभिड-१९) का कारणले समस्त विश्व नैं आक्रान्त छ । नेपालमा पनि यो रोगबाट धेरै मानिसहरु पिडित रहेको र लालिगुराँस नगरपालिकामा हालसम्म यसको प्रभाव नदेखिए पनि सामाजिक आर्थिक र रोजगारीका समस्त क्षेत्रहरु प्रभावित भएको अवस्थामा यो छैठौं नगर सभा तथा चौथो बजेट अधिवेशसन गर्न गइरहेका छौं । विश्वमा आर्थिक मन्दी आएको छ । हाम्रो देशमा पनि त्यसको प्रत्यक्ष प्रभाव परेको कारण सिलिङ बजेट बमोजिम केन्द्र र प्रदेश सरकारबाट रकम निकासा भइरहेको छैन । आन्तरिक राजश्वको क्षमता कमजोर भई लक्ष्य बमोजिमको आन्तरिक आयसमेत उठ्न सकेको छैन ।

यी विभिन्न समस्याहरु भए तापनि नगरवासीहरुका विकासका अपेक्षा पूरा गर्नका लागि हामीलाई अझ धेरै काम गर्नु परेको छ । हामीलाई गत आ.व.मा भन्दा पनि वढी बजेट, विज्ञ जनशक्ति र प्रविधिको आवश्यकता परिरहेको छ । यस्तो विषम अवस्थामा यस सम्मानित सभा समक्ष चालु आ.व.को संशोधित अनुमान र आगामी आ.व.२०७७।०७८ मा यस नगरपालिकाले अनुशरण गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु ।

**उपस्थित नगरसभा सदस्य ज्यूहरु !**

समावेशी सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणालाई अवलम्वन गर्दै पूर्व योजना तर्जुमा गोष्ठीले तय गरेको कार्यतालिका बमोजिम सवै वस्तीस्तरदेखि सम्पूर्ण

वडावासीहरुको व्यापक जनसहभागिता र वडा समितिको पूर्ण सक्रियतामा वडास्तरीय योजना तर्जुमा, विषयगत योजना तर्जुमा गोष्ठी, एकीकृत योजना तर्जुमा गोष्ठी साथै विभिन्न सरोकारवालाहरुसँग बहस, छलफल, अन्तरक्रिया र समन्वय गरी नगर स्तरीय तथा वडा स्तरीय योजना तथा कार्यक्रमहरु निर्माण गर्नु पर्दछ । तथापी यस बर्ष हाम्रो देशले मात्र नभई अन्तराष्ट्रिय जगतले नैं व्यहोरिरहेको कोरोना भाईरस (कोभिड १९) को प्रकोप तथा महामारीका कारणले सवै प्रक्रिया पूरा गर्न सकिएन तर आगामी दिनमा योजना निर्माणका क्रममा पूरा गर्नु पर्ने सबै तह र चरणका प्रक्रियाहरु पूरा गरिने प्रतिवद्धता व्यक्त गर्दछु ।

जिल्ला स्थित राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिहरु, सरकारी कार्यालयका प्रमुख तथा अन्य कर्मचारीहरु, नगरस्तरीय राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिहरु, गैरसरकारी संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, वडास्तरमा साथ सहयोग र समन्वय गर्ने सरोकारवालाहरु सबैको सदासयता र सहयोग लिएर हामी **व्यवसायिक कृषि, पर्यटन र व्यापार, सुशासित समृद्ध नगर** भन्ने दूरदृष्टि राखी अघि बढिरहेका छौं ।

यस नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक, पर्यटकीय एवम् भौगोलिक अवस्थितिका आधारमा पूर्वाधार विकासलाई उच्चतम महत्व दिइएको छ । जसको फलस्वरुप आज नगरका सवै वडामा नगर बस चल्न सकेको छ । सोल्माका ढाँडे, प्याङखरे, सिगाप्ला, टिम्बुरे, आकाशे, कर्कले, रातमाटे, मेघा, हात्तीआहाल, सुङनामका नगरतप्पा, माम्फखर्क, बरडाँडा, सुरिचाम, सेपेनी, खाल्डे, मुसाङखेलका सल्लेरी, खत्रीगाउँ, दाँगापाका आम्बोटे, सिरिसे दुम्रिबोटे, सिङथापाका नगरवासीहरूलाई यातायातमा सहज भएको छ । कोरोनाको माहामारीमा नगरपालिकाले सेवाग्रहीहरूलाई अषाढ मसान्तसम्म नगरबसको निशुःल्क सुविधा दिएको छ ।

बसन्तपुर–लसुने–रत्न मा.वि–मंगलबारे, बसन्तपुर–लसुने–सन्सारे–चाम्चिङ–६ नं वडा कार्यालय–मंगलबारे–बरडाँडा–सेपेनी, बसन्तपुर–चित्रे–चम्फुला–फुल्लेक–छाँगेचोक–५ नं वडा कार्यालय–दाँगापा–सिङथापा नगरबस सञ्चालन भइरहेको छ । बसन्तपुरको स्वास्थ्यकेन्द्रमा डिजिटल एक्सरे, भिडियो एक्सरे, इसिजि मेसिन, रगत परीक्षण गर्ने इलेक्ट्रोलाइटर एनालाइजर मेशिनहरू सहित प्रशुतीगृहमा एसि जडानसहित गुणस्तरीय स्वास्थ्य सेवा सञ्चालन भइरहेको छ । शिक्षामा अनिवार्य अंग्रेजी कक्षा सञ्चालन गरिरहकेका छौं । कृषिमा लेक, कछाडका कृषकहरूलाई कोपीको बीउ र किबिका विरुवा बाँडेका छौं । औलका किसानहरूलाई कागती, सुन्तला र एबोकार्डोको विरुवाहरू निशुःल्क वितरण गरेका छौं । मकैको विरुवामा फौजीकिरा विरुद्ध किटनाशक औषधी छिटेका छौं । आउँदो वर्षदेखि विरुवाकालागि नर्सरी राख्न सुरु गरेका छौं । कृषकहरूलाई खानेपानीका पाइप, टनेल, ल्पाष्टिक पोखरी निशुःल्क वितरण गरेका छौं । दुग्ध किसानहरूलाई चिस्यान मेशिन, जेनेरेटर निशुःल्क दिएका छौं । सामाजिक परिचालकहरू प्रयोग गरेर बाँझो जग्गाको अभिलेख राख्ने र नगरपालिका बाहिर गएको नगरबासीहरूको तथ्याङ्क संकलन गरेका छौं । प्रत्येक वडाहरूमा गएर फुटवल प्रशिक्षण कार्यक्रम गरेका छौं । मार्शलआर्ट र ब्याडमिन्टन खेल प्रशिक्षण गरेका

छौं । ढाका प्रशिक्षण र ब्युटीपार्लर कार्यक्रम दिएका छौं । गुराँश, सुनाखरी, जडिबुटि जैविक विविधताको अनुसन्धान गराइरहेका छौं । नगरको शाख झल्किने चो?लुङपार्क र युमा संग्रहालयको निर्माण गरेका छौं । पार्कमा रैथाने विरुवा रोपिने कार्यक्रम भइरहेको छ । विभिन्न जातजातिको आर्थिक, राजनीतिक र साँस्कृतिक प्रतिविम्वित हुनेगरी नगर पार्श्वचित्र बनाएका छौं । हाम्रो नगरपालिका धनकुटा, ताप्लेजुङ, संखुवासभा र तेह्रथुमको चौबाटो परेकाले कोरोना माहामारी नियन्त्रण गर्न असाध्य जोखिम मोलेर भएपनि काम गरिरहेका छौं । विशेषगरी विदेशबाट आएका नगरबासीहरूकालागि रोजगारमुलक कार्यक्रमहरू ल्याइनेछ ।

स्थानीय तहमा क्रियाशिल राजनैतिक दलहरु, स्थानीय संघ/संस्था एवम् समुदाय, प्रदेश, संघ र नगरपालिकाको संयुक्त प्रयासमा स्थानीय श्रोत, साधन र क्षमतालाई समुचित रुपमा परिचालन गरी सामाजिक, आर्थिक, संस्थागत, भौतिक, क्षमता विकास गर्दै मानवीय विकासको कार्यक्रमहरु मार्फत विकासका प्रयासहरुलाई अगाडि बढाउनु आवश्यक छ । हामीसँग उपलब्ध अपार प्राकृतिक सम्पदाहरु, पर्यटकीय सम्भावनाहरुलाई उच्चतम रुपमा उपयोग गरी सन्तुलित विकासका लागि श्रोत परिचालन गर्नु पर्ने चुनौती हाम्रा सामु विद्यमान रहेको छ ।

नगरका धेरैजसो वडाहरुमा आज सवै खालका पूर्वाधार निर्माण गर्न सकिएको छैन । ठूलो संख्यामा विदेशिएको युवाशक्तिलाई नगरपालिकाले भरपर्दो रोजगारी सृजना गर्न नसकेको कारण व्यवसायिक रुपमा कृषि तथा पशुपालन गर्न र मूल्य अभिबृद्धि गरी थप रोजगारी सृजना गर्न सकिएको छैन । हाम्रा खेतवारी बाँझो रहेका छन् ।

यस आर्थिक बर्षको चैत्र १० गतेदेखि कोरोना भाइरसका कारणले लागू भएको लकडाउन आजसम्म नखुलेको कारण हाम्रा विकास निर्माणका कार्यहरु प्रत्यक्ष रुपमा प्रभावित भएका छन् । सवै कार्य समयमा सम्पन्न गर्न सकिने अवस्था पनि छैन । यस आ.व.मा केन्द्र तथा प्रदेश सरकारबाट निकासा हुनु पर्ने राजस्व बाँडफाँड शीर्षकको सवै रकम निकासा नभएका कारणले धेरै योजनाहरु आगामी आ.व.मा सम्पन्न तथा भुक्तानी हुने गरी जिम्मेवारी सार्नु पर्ने अवस्था रहेको छ ।

यी विविध समस्या, सीमित श्रोत र साधनकाबीच हामीले यथासम्भव सन्तुलित नीति कार्यक्रम तथा वजेट पेश गरेका छौं ।

## उपस्थित महानुभावहरु,

नगरवासीहरुको माग र चाहना अनुसार विकास निर्माणका प्रक्रियाहरुलाई अगाडि वढाउनका लागि विद्यमान चुनौतिहरुको सामना गर्न सरकारी, गैरसरकारी, निजी क्षेत्र एवम् स्थानीय समुदायको अग्रसरता, सहयोग, समन्वय, सहभागिता, सहमत र समझदारीबाट मात्र सम्भव रहेको कुरा आत्मसात गर्दै निम्न आधारहरु लिएर आगामी आ.व.२०७७/०७८ को नीति कार्यक्रम तथा वजेट तर्जुमा गरेका छौं ।

मैंले यो नीति तथा कार्यक्रम तयार पार्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, प्रचलित अन्य कानुनहरु, दीगो विकास लक्ष्य, नेपाल पक्ष राष्ट्र भई गरेका अन्तराष्ट्रिय सम्झौताहरु, बिद्वतवर्ग तथा सहकर्मी मित्रहरुको राय सल्लाह साथै आफूले कार्यसंपादन गर्दाको अनुभवसमेतलाई आधार मानेको छु । यसका साथै श्रोत साधनको उपलब्धता, विकासका समसामयिक मुद्धाहरु जस्तो कि कोरोना भाइरका कारणले अस्तव्यस्त भएको सामाजिक आर्थिक र मनोसामाजिक अवस्थामा सुधार ल्याउने, विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय सरकार र शासन, खुला दिसामुक्त तथा पूर्णसरसफाई, पूर्णखोप सुनिस्चितता, असुरक्षित गर्भपतन मुक्त, बालश्रमिक मुक्त नगरपालिका लगायतका समसामयिक र अन्तरसम्वन्धित विषयहरु ।

यो नीति तथा कार्यक्रमले **"कृषि र पर्यटन विकासको आधार, सुशासन र समृद्ध लालीगुराँस हाम्रो कार्यभार"** भन्ने गत आर्थिक बर्षको मुल नारालाई सामान्य परिवर्तन गरी **"व्यवसायिक कृषि पर्यटन र पूर्वाधार, सुशासित समृद्ध लालीगुराँस हाम्रो कार्यभार"** भन्ने मूल दृष्टिकोण कायम गरेको छ । यही दृष्टिकोणमा केन्द्रित रहेर आगामी आ.व. को बार्षिक विकास योजना तयार गरिने छ ।

## उपस्थित महानुभावहरु,

चालु आ.व.मा चालु खर्च रु. ६,४४,५०,०००।- पूजीगत तर्फ रु. ९,३९,२९,०००।- प्रस्ताव गरिएकोमा नेपाल सरकार तथा प्रदेश सरकारबाट सिलिङ प्राप्त भए बमोजिम राजश्व बाँडफाँड तर्फको निकासा प्राप्त भइ नसकेको कारण आगामी बैठकमा संशोधित वजेट पेश गर्नेछु ।

## चालु आ.ब.२०७६/०७७ मा सञ्चालन गरिएका मुख्य क्रियाकलापहरु

१. विभिन्न वडाहरुमा सडक ट्र्याक खोल्ने, सोलिङ गर्ने सडक स्तरोन्नती गर्ने कार्य भएकोले नगरबासीहरुलाई नगरपालिका भित्र आवागमनमा सहजता भएको छ ।

२. सामुदायिक भवन, मन्दिर, गुम्बा, सार्वजनिक शौचालय मर्मत निर्माण तथा संरक्षण सम्बन्धि कार्यहरु गरिएका छन् ।

३. खानेपानीको सहज आपुर्तीको लागि बसन्तपुर खानेपानी योजनाको मर्मत संभार तथा विभिन्न वडामा रहेका मुहानहरुको संरक्षण, खानेपानीको पाईप लाइन विस्तार, खानेपानीका लागि ग्रामीण क्षेत्रका बासिन्दाहरुलाई पाइप वितरण लगायतका कार्यहरु गरिएको छ ।

४. सिंचाई सहजताका लागि विभिन्न कुलोहरुको निर्माण, मर्मत संभार तथा संघीय सरकारको साना सिंचाई कार्यक्रम अन्तर्गत लागत साझेदारीमा सिंचाई योजनाहरु मर्मत संभार तथा विस्तारका लागि योजनाहरु समेत प्राप्त भएको छ ।

५. वडास्तरीय मेयरकप फुटबल, भलिबल कार्यक्रम संचालन, विभिन्न वडामा फुटबल प्रशिक्षण, व्याडमिन्टन प्रशिक्षण जस्ता कार्यक्रमहरु संचालन गरिएको र कबर्डहल निर्माण भएको छ ।

६. नगरबासीको स्वास्थ्य सुविधालाई ध्यानमा राखी नगरपालिकाबाट डिजिटल एक्सरे मेशिन खरिद गरी प्राथमिक स्वास्थ्य केन्द्रबाट एक्सरे सेवा सहुलियत दरमा संचालन गरिएको, यसका साथै विभिन्न औषधीहरु खरिद गरी स्वास्थ्य संस्था मार्फत निशुल्क रुपमा वितरण, रोग निदान तथा उपचार शिविर संचालन लगायतका कार्यहरु संचालन गरिएको, नगरपालिका भित्रका प्रसुती भएका सबै महिलाहरुलाई प्रसुति हुन स्वास्थ्य केन्द्रमा आउन र जान एम्बुलेन्स सेवामा पुरै छुट दिइएको ।

७. नगरपालिका भित्रका हरेक क्रियाकलापहरुलाई बालमैत्री, अपाङ्गतामैत्री बनाउदै लैजान वालमैत्री स्थानीय स्वायत्त शासन कार्यक्रम सम्बन्धि अन्तरक्रिया कार्यक्रम संचालन गरिएको तथा वालमैत्री स्थानीय स्वायत्त शासन कार्यक्रम सम्बन्धि प्रतिबद्धता समेत व्यक्त गरिएको ।

८. अपाङ्गता भएका व्यक्तिहरुलाई सहजतापूर्वक अपांगता परिचयपत्र वितरण गरिनुका साथै अपाङ्गगता भएका व्यक्तिहरु तथा जेष्ठ नागरिकहरुलाई सम्मान गरिएको । सामाजिक सुरक्षा भत्ता जनप्रतिनिधि समेतको सहभागितामा सहजतापुर्वक वितरण गरिएको ।

९. विगत वर्षहरुमा जस्तै नगरपालिकाको लगानीमा अंग्रेजी विषयका शिक्षकहरु, पाठ्यपुस्तक व्यवस्था गरी सामुदायिक विद्यालयका कक्षा १ र २ मा अंग्रेजी माध्यमबाट पठनपाठन सुचारु गरिएको । यसका साथै शिक्षक तालिम, विद्यालय अनुगमन, पस्तकालय व्यवस्थापन लगायतका शैक्षिक कार्यहरु सम्पादन गरिएको ।

१०. लक्षित वर्गका महिलाहरुको सीप विकास गरी उद्यमशिल बनाउनका लागि नगरपालिकाको आयोजनामा ढाका बुनाई प्रशिक्षण, तालिम कार्यक्रमहरु संचालन गरिनुका साथै घरेलु तथा साना उद्योग कार्यालयसँगको लागत साझेदारीमा दुग्ध प्रशोधन तथा विविधीकरण, वाइरिङ लगायतका उद्यमशिल तालिमहरु संचालन गरिएको ।

११. सुकुम्बासी तथा अव्यवस्थित बसोबास गर्नेहरुको लागत संकलन गरी व्यवस्थित बसोबासको प्रक्रिया अगाडि बढाउन लगत संकलन र सो लागतको विश्लेषण गर्ने कामको सुरुवात गरिएको ।

१२. नगरपालिका क्षेत्रभित्रको जैविक विविधता/पर्यटन धर्म संस्कृतिको संरक्षण र सम्बर्द्धनका लागि योग भवन निर्माण, मन्दिर निर्माण, चो?लुङ्ग पार्कमा युमा संग्रहालय स्थापना र संचालन, विभिन्न जातजातीको ऐतिहासिक, धार्मिक, सामाजिक, सांस्कृतिक पक्षको अध्ययन, गुराँस तथा सुनाखरी बोट-विरुवा संकलन, अध्ययन, पार्कहरुको निर्माण तथा संरक्षण लगायतका कार्यहरु सम्पन्न गरिएको ।

१३. मेयरसँग किसान कार्यक्रम अन्तर्गत फलफुल तथा तरकारीको विउ तथा विरुवा वितरण, दुग्ध पदार्थको सुरक्षित भण्डारणको लागि विभिन्न समूह तथा सहकारी संस्थाहरुलाई चिलिङ्ग भ्याट तथा जेनेरेटर खरीद गरी अनुदान प्रदान गर्नुका साथै कृषिसँग सम्बन्धित प्राविधिकहरु तथा सामाजिक परिचालकहरु प्रत्येक वडामा परिचालन गरी कृषकहरुलाई सेवा पुऱ्याइएको ।

१४. वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित नर्सरी व्यवस्थापन, वन सहजकर्ताको परिचालन, बजार क्षेत्रको फोहोरमैला व्यवस्थापन लगायतका कार्यहरु सम्पन्न गरिएको ।

१५. विपद व्यवस्थापन कोषको परिचालन गरी गतवर्ष असार साउन महिनामा आएको अविरल वर्षाको कारणबाट विभिन्न स्थानमा वाढी पहिरोबाट भएको व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको क्षतीलाई रोकथाम गर्नको लागि तारजाली खरिद गरी उपलब्ध गराउने, जाली भर्ने लगायतका कार्यहरु गरी क्षति रोकथाम तथा पुनर्निर्माण गर्ने कार्यमा नागरिकहरुलाई यथोचित सहयोग गरिएको ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण नगरपालिका क्षेत्रमा फैलन नदिन विपद व्यवस्थापन कोष परिचालन गरी विभिन्न स्थानमा हातधुने ठाँउको व्यवस्था, स्वास्थ्य संस्थाहरुमा स्यानिटाइजर र PPE उपलब्ध गराउने, करिब १२,००० थान मास्क वितरण, थर्मलगन तथा थर्मोमिटर उपलब्ध गराउने, लकडाउनको समयमा दैनिक ज्यालादारीबाट जिविकोपार्जन गर्दै आएका परिवारलाई केन्द्र सरकारले तोकेको न्युनतम राहत सामाग्री वितरण गर्ने, धनकुटाबाट लालीगुराँस नगरपालिका प्रवेश मार्ग चित्रेमा सहजकर्ताहरु राखी सहजीकरण गरिएको । वसन्त मा.वि. मा क्वारेनटाइनको व्यवस्था गरी हालसम्म सेवा दिएको लगायतका कार्यहरु गरी कोरोना रोगको संक्रमण विरुद्धको अभियानमा नगरपालिकाले जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला जनस्वास्थ्य कार्यालय, आदिसँग समन्वय हातेमालो गर्दै आएको छ । नगरपालिकाको विकास निर्माणका कार्यमा वाधा नपुगोस भनेर सुरक्षा निकायसँग समन्वय गरी नगरवस निशुःल्क सञ्चालन गरिएको छ । यसले उपभोक्ता समितिसँग संझौता योजनाको भुक्तानी लगायतका कार्यका लागि नगरपालिकाको कार्यालयसम्म आउनु पर्ने नगरवासीहरुलाई सहज भएको अवस्था छ ।

**नगर सभासदज्यूहरु**

अब म नगरपालिकाको दूरदृष्टि, लक्ष्य तथा उद्देश्यहरु र सो प्राप्त गर्नका लागि अपनाउनु पर्ने प्रमुख नीति, रणनीति, बार्षिक विकास कार्यक्रमक तथा बजेटबारे संक्षेपमा विस्तार गर्न अनुमति चाहन्छु ।

**<u>लालीगुराँस नगरपालिकाको दुरदृष्टि, लक्ष्य, रणनीतिहरु यस प्रकार रहेका छन् :</u>**

**<u>दूरदृष्टि (Vision)</u>**

**"व्यवसायिक कृषि पर्यटन र पूर्वाधार, सुशासित समृद्ध लालीगुराँस हाम्रो कार्यभार"**

**लक्ष्य (Mission)**

**"व्यवसायिकता र सुशासनको माध्यमबाट ५ बर्ष भित्र प्रदेश नं. १ को उत्कृष्ट नगरपालिका बन्ने**

**रणनीति (Strategy):**

**"पूर्ण साक्षरता, व्यवसायिक जनशक्ति, सुसंस्कृत नागरिक समाज, नगरको समृद्धिमा सरोकार पक्षहरुबीच सहकार्य र युवाशक्ति परिचालन ।**

संघ, प्रदेश र स्थानीय तहका आवधिक विकास योजना बीचको अन्तरसम्बन्ध कायम गर्न, लालीगुराँस नगरपालिकाले आवधिक विकास योजनामा आफ्ना क्षेत्रको समष्टिगत विकासका लागि अवलम्बन गर्ने लक्ष्य, उद्देश्य, रणनीति र योजना तर्जुमाका लागि समावेश हुनुपर्ने आवश्यक प्राविधिक विषयवस्तु स्पष्ट पार्न र सहभागितामूलक योजना पद्धतिलाई नगरपालिकामा संस्थागत गर्दै आवधिक विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा सहयोग पुऱ्याउने उद्देश्य हाँशिल गर्नका लागि निम्नानुसारका क्षेत्रगत र विषयगत नीति तथा कार्यक्रमहरू प्राथमिकता क्रममा तयार गरिएका छन्।

## नीति तथा कार्यक्रम र बजेटको प्राथमिकताक्रम

- संक्रमक रोगहरु र प्राकृतिक विपत्तिबाट नागरिकह्रुको सुरक्षा,
- खाद्यान्नमा आत्मनिर्भरता अभिबृद्धि गर्ने र आयात घटाउने
- कृषि पूर्वाधार विकास तथा बजार विस्तार गर्ने
- आधारभूत कृषि प्रयोगशाला र कृषि प्रसार सेवा टेवा कार्यक्रम मार्फत उत्पादनमा बृद्धि ।
- कृषि तथा पशु सेवाको व्यवशायीकरण र बजारीकरण मार्फत रोजगारीका अवसरमा बृद्धि
- सडक् एवम् पूर्वाधार निर्माण र स्तरोन्नति
- दिगो पर्यटन विकास र पर्यटन व्यवसायलाई नागरिकहरुको आर्थिक उपार्जनसँग आवद्ध गर्ने ।
- फोहोर मैला व्यवस्थापन र वातावरण संरक्षण ।
- सामाजिक सुरक्षा भत्ता वितरणमा सहजता ।
- संस्थागत क्षमता अभिबृद्धिका लागि भौतिक पूर्वाधार निर्माण
- सेवा प्रवाहमा प्रभावकारीताका लागि मानव श्रोत विकास, परिचालन र सूचना प्रविधिको उच्चतम प्रयोग
- बैकल्पिक उर्जामा जोड
- सुशासन र समावेसीकरणमा जोड

## नीतिहरु :

### (क) व्यवसायिक कृषि तथा पशुपालन

- व्यवसायिक खेति गर्ने किसानहरुको प्रोत्साहनका लागि विभिन्न पेशामा संलग्न कृषकहरुको बर्गीकरण गरी कृषक परिचयपत्रको ब्यबस्था गरिने छ ।
- कृषक परिचय पत्रका आधारमा कृषक प्रोत्साहन कार्यक्रम संचालन गरिने छ । यस्तो प्रोत्साहन कार्यक्रममा मल, बीऊ, कीटनाशक औषधी, प्लाष्टिक पोखरी/टनेल, कृषि

तथा पशु सेवा विज्ञको परामर्श सेवा, अवलोकन भ्रमण लगायत नगर कार्यपालिकाले तोकेका कार्यहरु गरिने छ

- कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय बाट संचालित फलफुल दशक २०७५-२०८४ लाई अंगाल्दै नगरले फलफुल खेती विस्तारका लागि अनुदानमा बर्षे फलफुल ( लिचि/आँप), हिउदे फलफूल (किवि)को विरुवा वितरण गरिने छ।
- निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषितर्फ उन्मुखगर्दै व्यवसायिक कृषिलाई बजारमा प्रतिस्पर्धी बनाउन एवम् बिषादी रहीत (अर्गानिक) र गुणस्तरीय उत्पादन गर्नका लागि कृषि क्षेत्रका सबै सरोकारवालाहरु (उत्पादक, प्रशोधनकर्ता, व्यापारी) समेतको माग र आवस्यकतालाई आधार मानि उपलब्ध स्रोतको उच्चतम र न्यायोचित वितरण गरिने छ।
- व्यवसायिक तरकारी खेती तथा उन्नत जातको फलफूल खेती गर्न कृषकहरुलाई उत्प्रेरणा स्वरुप मल, बीउ किटनासक औषधी तथा विरुवा खरिदमा कृषक परिचयपत्र अनुसार अनुदान दिने तथा साझेदारी गर्ने नीति अवलम्वन गरिने छ।
- नगरपालिकाले सार्वजनिक ऐलानी पर्ति जग्गा वा उपयुक्त जग्गा भाडामा लिएर सुन्तला, कागती, एभोकार्डो लगायतका बिरुवाहरुको नर्सरी तयार गरी लागत मूल्यमा कृषकहरुलाई उपलव्ध गराउने छ।
- वडास्तर तथा नगरस्तरमा फलफूल, तरकारी खाद्यान्नवाली र पशुपन्छी प्रदर्शनी सञ्चालन गरी कृषकहरुलाई परस्पर प्रतिस्पर्धी वनाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ।
- कृषिको उत्पादकत्व वृद्धिमा सहयोग पुऱ्याउन विपन्न एवम् जोखिममा परेका कृषकहरुको ज्ञान, सीप र क्षमता विकास सम्वन्धी तालिमको व्यवस्था गरिनुका साथै छिमेकी जिल्लाहरुमा सञ्चालित कृषि पकेट क्षेत्रहरुमा अध्ययन अवलोकन भ्रमण समेतको व्यवस्था मिलाइने छ।
- नगरपालिका क्षेत्र भित्रका वजार केन्द्रहरुमा कृषि उत्पादन संकलन केन्द्र निर्माण गर्ने र नेपाल सरकार, प्रदेश सरकार, लालीगुराँस नगरपालिका तथा सरोकारवाला कृषकसमेतको लागत सहभागितामा आधारित चिस्यान केन्द्र (Cold Storage centre) निर्माण गर्ने नीति लिइने छ। यसवाट उत्पादित तरकारी तथा फलफूलजन्य कृषि उपजले बजारमा भाउ नभएको समयमा बिचौलियाले निर्धारण गरेको मूल्यमा विक्री गर्नु पर्ने वाध्यताको अन्त्य हुने अपेक्षा गरिएको छ।
- तरकारी, फलफूल, नगदे बाली, जडिवुटी र खाद्यान्न वालीहरुको सम्भावाना भएका स्थानहरुमा संभाव्यता अध्ययनको आधारमा पकेट क्षेत्रको रुपमा विकास गरिने छ।
- बेरोजगार युवा पुस्तालाई कृषि उत्पादन तर्फ प्रेरित गरिने छ। यसवाट स्वरोजगार सृजना भई वैदेशिक रोजगारीबाट फर्किएका तथा जाने सोचमा रहेका युवाहरुलाई स्वदेशमा नै उद्यमका अवसरहरु जुट्ने छ। बन तथा अन्य विभिन्न निकायहरु सँगको सहकार्यमा सामूदायिक तथा कबुलियति वनमा घाँस विकास कार्यक्रम सञ्चालन गरिने छ। यसले नगरपालिका क्षेत्रका पशुपालन गर्ने कृषकलाई प्रोत्साहन मिल्ने अपेक्षा गरिएको छ।

- नगरपालिकामा एक उपयुक्त क्षेत्र छनौट गरि नमूनाको रुपमा एक घाँस वाली श्रोत केन्द्रको स्थापना गर्न प्रोत्साहित गरिने छ । यसकालागि आवश्यक प्रविधि, सीप र श्रोत व्यवस्थापनमा विषयगत कार्यालयसंग साझेदारीको नीति अवलम्वन गरिने छ ।
- नगरपालिकालाई कुखुराको मासु तथा अण्डामा आत्मनिर्भर बनाउन साना किसान लक्षित कुखुरा पालन कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- वाखा र बंगुरपालन पेशालाई व्यवसायीकरण गर्न उन्नत जातको वीउवोका, विर खरिद गरि नश्ल सुधारको कार्यक्रम सञ्चालन गर्ने तथा हिउदे वर्षे घाँसको सहज उपलब्धतालाई ध्यानमा राखि कृषि तथा पशुसेवा इकाई, कृषि ज्ञान केन्द्रको प्राविधिक सहयोगमार्फत उन्नत जातको घाँसरोपण कार्यका लागि अभिप्रेरित गर्न कार्यक्रम सञ्चालन गरिने छ ।
- गाई भैंसिको दूध उत्पादनलाई बृद्धि गरी जीवनस्तर उकास्न गाई/भैसी पालन प्याकेज कार्यक्रम संचालन गरिने छ ।
- दुधको उत्पादन बढाई आत्मनिर्भर गराउनका लागि स्वच्छ दूध उत्पादन तथा विक्रि वितरण गर्न प्रोत्साहित गरिने छ । सोका लागि चिस्यान केन्द्रहरुको स्थापना गर्ने र उत्पादित वस्तुको सहज बजारसम्म पहुच पुर्‍याउन आवश्यक समन्वय गरिने छ ।
- लालीगुराँस नगरपालिका भरी माटो परीक्षण गरी विज्ञको सिफारिस वमोजिम माटो उपचार तथा माटो सुहाउँदो क्षेत्रमा परम्परागत खाद्यबालीहरु फापर, जुनेलो, बदाम, तील, रुद्राक्ष, किवी ,कागती, सुन्तला, एभोकार्डो ड्रागन फुडलगायतको खेती गर्न प्रोत्साहित गरिने छ । अगुवा कृषकहरु र विज्ञसँग परामर्श गरी केही खाद्यान्न तथा नगदेबालीको बीउ खरिद र भण्डारण गरी वितरण गरिने छ ।
- पशुको कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार गरी दुध तथा मासु उत्पादनमा बृद्धि गर्ने कार्यक्रमको सम्भावना अध्ययन गरिने छ । सो प्रतिवेदनका आधारमा आगामी दिनका लागि कार्ययोजना वनाई लागु गरिने छ ।
- विभिन्न रोगहरुवाट हुने पशुधनको क्षति लाई न्यूनीकरण गर्न रोगहरुको पहिचान र उपचारको व्यवस्था मिलाइने नीति छ । त्यसको लागि पशुसेवाका बिज्ञ प्राविधिकहरु लाई गाउँमा नैं उपचार गर्न खटाउने व्यवस्थालाई प्रभावकारी वनाइने छ ।
- पशु विमा कार्यक्रमलाई सार्थक र प्रभावकारी वनाउने नीति लिइने छ ।
- पशुसंकलन केन्द्र, पशुबजार लगायतको व्यवस्थापन र भौतिक पूर्वाधार निर्माण कार्यका लागि सरोकार निकायहरुसँग साझेदारी गर्ने नीति अवलम्बन गरिने छ ।
- बाली विमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- व्यवसायिक रुपमा तरकारी खेती गर्ने तथा पशुपालन गर्ने किसानहरुको सहजीकरणकालागि जे.टि. स्तरका अनुभवी १/१ जना कृषि तथा पशु सेवा विज्ञ व्यक्ति करार सेवामा लिइने छ ।
- नगरपालिका भित्र जग्गा बाँझो राख्न नदिने नीति अख्तियार गरिने छ । बाझो जग्गा आवाद गर्नेलाई नगरपालिकाले मल वीऊ सिंचाई लगायतका विषयमा आवश्यक कार्यविधि बनाई अनुदान दिन सक्ने छ ।
- परम्परागत कृषि पेशालाई व्यवसाायिक कृषि तर्फ विकसित गर्न क्षमता अभिबृद्धि तालिम कार्यक्रम, कृषि औजार उपकरण (मिनि टिलर/हाते ट्याक्टर, धान थ्रेसर, मकै

छोडाउने मेसिन) तथा प्रविधि प्लाष्टिक घरमा तरकारी खेती, टि.पि.एस.बीउ आलु खेती हस्तान्तरण, सोलार ड्रायर जडान र प्रयोगलाई प्रोत्साहित गरिने छ ।

- मातो परीक्षण गरी प्रतिवेदन अनुसार अम्लीय माटो सुधारको लागि ठोस कार्यहरु गरिने छ ।
- नगरमा सक्रिय कृषक समुह पहिचान गरि कुनै एक समुहमा कृषक पाठशाला संचालन गरी कृषकहरुले गरिदै आएका परम्परागत र नविनतम उन्नत खेती प्रविधि विचको फरकलाई नतिजा प्रर्दशन मार्फत सीप तथा क्षमता अभिबृद्धिमा जोड दिने नीति तथा कार्यक्रम ल्याउने नीति लिइनेछ ।
- साना किसान, महिलाद्वारा सञ्चालित कृषि समूह सहकारी, लक्षित वर्ग, क्षेत्र र समुदायका परिचय पत्र प्राप्त कृषकहरुलाई आत्मनिर्भर बनाउन तथा रोजगारीको सिर्जना गर्नकालागि तरकारीका उन्नत जातका बीउविजन मल, कीटनासक औषधी सहीतको विशेषज्ञको सेवा, सिँचाईको सुविधा उपलव्ध गराउने नीति लिइने छ ।

## सिंचाई

सिँचाई सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्नका लागि विभिन्न सरोकार संस्थाहरुको सहकार्यमा साना सिंचाई कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि रु...............लाखको समपुरक कोषको व्यवस्था गरिने छ ।

## पर्यटन

"**पर्यटन विकास : आर्थिक समृद्धिको आधार**" भन्ने मुल नारालाई गत नगर अधिवेशनले आत्मसात गरेको थियो । यस नगर क्षेत्रभित्रका सम्भाव्य पर्यटकीय गन्तव्य स्थलमध्ये नगरपालिका तथा नयाँ शहर आयोजना कार्यालय बसन्तपुरको सहयोगमा चो?लुङ्ग पार्क बसन्तपुर र युमा संग्रहालयलाई प्रभावकारी ढंगले सञ्चालन गरी प्रचार प्रसार गरिने छ । त्यस्तै, आर आर गार्डेन, तीनजुरे डाँडा, मार्ग पोखरी, पटेक डाँडा, पात्ले पोखरी, रातपोखरी, तीनछाँगे लम्बु झरना, सोल्मा चिया बगान, कैलास हिल, शिवथान गुफा, बोक्रे डाँडा, तीनछाँगे झरना, याखुजङ ओढार, छेच्छेरेम्बा झरना आदि स्थानहरुमा पूर्वाधार निर्माण गरी पर्यटनलाई आन्तरिक आयको मुख्य स्रोतको रुपमा विकास गरिनेछ । भक्तपुरका कालीगढ ल्याएर मनकामना मन्दिर निर्माण गरिने छ । तीनजुरे, मिल्के, जलजले लालीगुराँस क्षेत्रलाई प्रमुख पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्न पर्यटन गुरुयोजना Municipality Tourism Master Plan निर्माण गर्ने कार्य यस आ.व.मा विभिन्न कारणले सम्पन्न गर्न नसकिएकोले आगामी आ.व.मा पनि प्रमुख प्राथमिकतामा राखिने छ ।

- नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक/ सांस्कारिक र पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्ने, नयाँ पर्यटकीय स्थलहरुको खोजी, पहिचान र विकास गर्ने र त्यस्ता स्थलहरको लगत संकलन गरी एकीकृत पर्यटकीय क्षेत्र समेट्ने गरी वृत्तचित्र निर्माण गर्ने कार्य सम्पन्न गरिने छ ।
- पर्यटकीय क्षेत्र र सस्कृतिलाई होमस्टेसँग आबद्द गर्नका लागि आवश्यक कार्यहरु गरिने छ ।

- नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न जात-जाती र भाषा भाषीहरुको धर्म र संस्कृतिको संरक्षण गर्न आवश्यक नीति र कार्यक्रमहरु तयार गरी लागू गरिने छ । जातजातिका संस्कार/संस्कृतिहरुलाई जीवन्त राखी भावी पुस्ताहरुलाई हस्तान्तरण गर्न सकियोस भन्ने मनसायले वृत्तचित्रहरू निर्माण गरिने छ ।
- सहरको सौन्दर्यकरणका लागि सार्वजनिक तथा व्यक्तिगत जग्गामा फूलका विरुवा लगाउने कार्यलाई प्रोत्साहित गरिने छ ।
- नयाँ पर्यटकीय गन्तव्य स्थलहरुको खोजी पहिचान तथा संरक्षण गरिने छ ।

भाषा/संस्कृति/धर्मको संरक्षण

- विभिन्न जातजातिको भाषा, साहित्यको संरक्षण तथा प्रचार–प्रसार गर्न आवश्यक कार्यक्रम ल्याइने छ ।
- चो?लुङ हिम, रोदीघर, साकेला पार्क निर्माण, भजन किर्तन, वालन, संगीनी, रत्यौली घर, हुडकेली नाच, सेलो नाच संबर्द्धन गर्ने जस्ता कार्यक्रम ल्याइने छ । सामुदायिक पुस्तकालय निर्माण गरिनेछ । जातिगत पार्श्वचित्र प्रकाशनमा ल्याइने छ ।
- नागरिकहरुको धार्मिक स्वतन्त्रताको सम्मान गर्दै विभिन्न जातजातिको आस्था/विश्वास/धर्मको संरक्षण गरिने छ ।

**भौतिक पूर्वाधारः**

- नगरपालिकाको विकास योजना तर्जुमा गर्दा समूदायमा आधारित रही सहभागिता मुलक योजना तर्जुमा प्रकृया अवलम्वन गरिने छ । यस आ.व.मा कोरोना भाइरसको महामारीको कारणले गर्दा योजना छनौट प्रक्रियालाई समावेशी बनाउन नसकिए तापनि नगरपालिकाले यो नीतिलाई आगामी दिनहरुमा सधैं अंगीकार गर्ने छ ।
- वडा केन्द्रसम्म जोड्ने सोलिङ नाली सहितको व्यवस्थित सडक निर्माण गर्ने कार्यलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने छ ।
- आगामी आ.व. भित्र नगरपालिकाको सवै वडादेखि केन्द्रसम्म यातायातको पहुँच पुर्याइने छ ।
- आयोजनाहरुलाई पारदर्शी वनाउने उदेश्यले नगरपालिका भित्र सञ्चालन हुने रु.२ लाखभन्दा बढी लागतका योजनाहरुमा अनिवार्य रुपमा आयोजनाको विवरण उल्लेख भएको सूचना पाटी टाँस गर्नुपर्ने ब्यवस्था गरिने छ ।
- नगरपालिकाबाट सञ्चालन हुने पूर्वाधार निर्माणसँग सम्वन्धित कार्यको गुणस्तर कायम गर्न अनुगमन, सुपरीवेक्षण र मूल्यांकन कार्य थप व्यवस्थित गरिने छ । योजनाको अन्तिम भुक्तानी गर्नु पूर्व सार्वजनिक परीक्षण, काम शुरु हुनुभन्दा अगाडि र काम सम्पन्न भएपछिको अवस्था झल्काउने फोटाहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
- सार्वजनिक तथा निजी क्षेत्रबाट सञ्चालन गरिने सबै प्रकारका विकास निर्माण तथा सेवा प्रकृयामा वातावरण संरक्षण तथा प्रर्वद्धनमा विशेष जोड दिइनेछ । सार्वजनिक सडकको दाँया बाँया वृक्षारोपण गरिने छ ।

- नगरपालिका भित्र पहिचान भएका महत्वपूर्ण सडक सञ्जालहरुको आवश्यक मापदण्डहरु तयार गरी उक्त सडकहरुको निर्माण गर्न केन्द्र सरकार तथा प्रदेश सरकार र अन्य दात्री संघ/संस्थाहरुसँग सहकार्य गरिने छ ।
- नगरपालिका भित्रका सडक तथा अन्य आयोजनाहरुको अभिलेख Inventory तयार गरिने छ ।
- नगरपालिकाबाट नगर भित्र सञ्चालन हुने सबै प्रकारका कार्यक्रम तथा आयोजनाहरुको प्रथम चौमासिक अवधिभित्र ड्रइङ, डिजाइन, लागत इष्टिमेट लगायतको कार्य सम्पन्न गरिसक्ने गरी प्राविधिक कर्मचारीहरु परिचालन गरिने छ ।
- प्राविधिक कर्मचारीहरुलाई अत्यावश्यक सवै प्रकारका भौतिक सामग्रीहरु, मौद्रिक उत्प्रेरणासमेत उपलव्ध गराई बर्षै भरी फिल्ड खटाइने छ ।
- प्राविधिक प्रतिवेदन तयार भएपछि दोश्रो चौमासिक अवधि अर्थात फागुनमासान्त भित्रमा ठेक्का प्रक्रिया पूरा गरी संझौता गरिसक्नु पर्नेछ ।
- उपभोक्तामार्फत सञ्चालन हुने नगर तथा वडास्तरीय योजनाहरु समेत २०७७ फागुन मसान्त भित्रमा सम्झौता गरिसक्नु पर्ने र जेष्ठमसान्त भित्र कार्य सम्पन्न गरि फरफारक गरिसक्ने गरी कार्यक्रम तयार र सञ्चालन गरिने छ ।
- योजना तथा कार्यक्रमहरु व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि वार्षिक कार्ययोजना बनाई पेश गरिएको छ । कावु वाहिरको अवस्थामा बाहेक यो कार्ययोजना संशोधन गरिने छैन ।
- प्रस्तावित रिङरोडलाई नगरपालिकाको गौरवको आयोजनाको रुपमा लिँदै आ.व.२०७८/२०७९ भित्र पक्की नाली सहितको सडक निर्माण सम्पन्न हुने अपेक्षा सहीत आयोजना सञ्चालन गर्न नेपाल सरकार, प्रदेश सरकार तथा सरोकार पक्षसँग समन्वय र सहकार्य गरिने छ ।
- अति आवश्यक स्थानमा वाहेक ट्र्याक खोल्ने काम गरिने छैन ।
- ट्र्याक खोली सकिएका सडकहरुमा बाह्रै महिना यातायात सञ्चालन हुन सक्ने गरी स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।
- सडक सोलिङ, ग्राभेल तथा अन्य निर्माण कार्य गर्न नगरपालिकाको एक्साभेटर र व्याक हु-लोडरको अधिकतम उपयोग गरिने छ ।
- नयाँ शहर आयोजना मार्फत निर्माणधीन वसपार्क कार्य समयमा सम्पन्न गर्नका लागि आवश्यक सहजीकरण गरिने छ ।
  आगामी आ.व.मा नगर क्षेत्र भित्र सिटी हल, कभर्ड हल, खेल मैदान निर्माण, फोहोर मैंला व्यवस्थापन केन्द्र निमाण लगायतका पूर्वाधार निर्माणका कार्यलाई निरन्तरता दिइने छ ।
- सामुदायिक भवन, मन्दिर, गुम्बा, रोधिघर, चा?लुङ्ग हिमनिर्माण धार्मिक तथा सांस्कृतिक आस्था प्रति सम्मान गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- आगामी आ.व.मा योजना सञ्चालन गर्दा २० लाख भन्दा बढीको लागत भएको योजना ठेक्का प्रक्रियाबाट सञ्चालन गर्न प्राथमिकता दिइने छ ।

- सरकारी सार्वजनिक ऐलानी पर्ति जग्गाहरु पहिचान तथा संरक्षण गरिने छ । त्यस्ता जग्गाहरुमा नगरपालिकाले उपयुक्त नीति अवलम्बन गरी उपयोग गर्ने छ ।
- आगामी आ.व.को प्रथम चौमासिक अवधिभित्र उपभोक्ता समिति गठन कार्य समाप्त गरी सवै वडा कार्यालयहरुमा पुगी उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण तालिम दिइने र सामान्यतया तालिम नलिएका व्यक्तिहरुसँग संझौता गरिने छैन ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा नगर सभा/नगर कार्यपालिकाको स्वीकृति लिनु अनिवार्य हुनेछ ।
- सामान्यतया नगर सभाबाट पारित भएका योजना तथा कार्यक्रमहरु नामसारी, ठाउँसारी, रकमान्तर गरिने छैन तर त्यस्ता योजना तथा कार्यक्रमहरु नामसारी, ठाउँसारी वा रकमान्तर नगरी सञ्चालन गर्न कठिनाई भएमा कारण सहित हिउँदे नगर सभाले उक्त कार्य गर्न सक्नेछ ।
- बिशेष कारणवस हिउँदे सभापछि नामसारी ठाउँसारी तथा योजना परिवर्तन गर्नुपर्ने अवस्था भएमा कार्यपालिकाले एउटा योजना तथा कार्यक्रमलाई एकपटक मात्र संशोधन गर्न सक्नेछ ।
- पिछडिएको वर्ग समूदाय र जातजातीलाई श्रममूलक रोजगारीमा प्राथमिकता दिएर काम लगाइने छ
- नगरपालिका भित्रका सडकका किनाराका सार्वजनिक जग्गाहरु मालपोत कार्यालय, नापी कार्यालयसँग समन्वय गरी लगत कट्टा गरिने र नगरपालिकामा आम्दानी बाँधी नगरपालिकाको स्वीकृति नलिई कसैले पनि भोग चलन गर्न नपाउने व्यवस्था गरिने छ
- नगरपालिकाको दीर्घकालिन विकासका लागि नगरपालिकाको श्रोतले भ्याउन नसक्ने केन्द्रीयस्तरका आयोजनहरुको लागि केन्द्रमा र प्रदेश स्तरका आयोजनाहरुको लागि प्रदेश सरकारमा आवश्यक समन्वय गरिने छ ।
- वडास्तरीय भेलाबाट प्राथमिकतासहित माग भै आएका र यस आ.व. को बजेटमा समावेश गर्न नसकिएका कार्यक्रमहरुलाई नगरपालिकाको योजना बैंकमा समावेश गरी आगामी आ.व.को वजेट निर्माण गर्दा प्राथमिकता क्रममा राखिने छ ।
- यस आ.व. मा सम्झौता तथा काम सुरु भई विभिन्न कारणले कार्य सम्पन्न हुन नसकी आगामी आ.व.मा कार्य सम्पन्न तथा भुक्तानी हुने गरी दायित्वसहित सारिएका योजनाहरुको म्याद आगामी असोज मसान्तसम्म मात्र कायम रहने छ । दायित्व सरेका योजनाहरुकोसम्पूर्ण कार्य सम्पन्न गरी असोज मसान्तसम्ममा फरफारक लिई सक्नु पर्नेछ ।
- प्रस्तुत नीति, कार्यक्रम तथा बजेटको सार्थक कार्यान्वयनका लागि बार्षिक नीति तथा कार्यक्रमसँगै बार्षिक कार्य योजनासमेत पेश गरिएको छ । विशेष कारण र परिस्थितिमा वाहेक तोकिएको समयमा नैं कार्य सम्पन्न गर्ने गराउने नीति लिइएको छ ।

**स्वास्थ्य :**

- प्राथमिक स्वास्थ्य केन्द्र वसन्तपुरलाई २५ सैयाको अस्पतालको रुपमा विकास गरी विज्ञ डाक्टरको सेवा सहित चौविसै घण्टा सञ्चालन गर्नका लागि नेपाल सरकार र प्रदेश

सरकारसँग सहकार्य गरिने छ । वडा नं. ३, ७, ९ मा निर्माणाधीन आधारभूत स्वास्थ चौकीहरु निर्माण सम्पन्न गरी न्यूनतम स्वास्थ्य सुविधासहित सञ्चालनमा ल्याइने छ ।

- स्वास्थ्य सेवाका रिक्त पदहरुमा आवश्यकतानुसार विज्ञापन गरी पदपूर्ति गरिने छ ।
- प्रत्येक वडा कार्यालयबाट सहज आधारभूत सेवाप्रदान गर्नका लागि प्रत्येक वडामा नियमित स्वास्थ्य सेवा उपलव्ध गराइने छ ।
- सबै स्वास्थ्यचौकीहरूमा बर्थिङ सेण्टर स्थापना गर्ने नीति लिइएको छ ।
- नगरवासीहरुले सहज एवम् सुलभ रुपमा स्वास्थ्य सेवा प्राप्त गरुन भन्ने उद्देश्यले प्राथमिक स्वास्थ्य केन्द्र बसन्तपुरमा स्वास्थ्य सम्बन्धी मेडिकल उपकरणहरु ( डिजिटल एक्स-रे, भिडियो एक्सरे, इसीजी मेसिन, इलेक्ट्रोलाइट एनालाइजर, प्रसुती गृहमा AC जडान लगायतका अत्यावश्यक स्वास्थ सामग्री) खरिद तथा व्यवस्थापन गरी सेवाप्रवाहलाई सहज बनाइएको छ । आगामी आ.व.मा थप सेवा सुविधा थप गर्दै लगिने छ ।
- विभिन्न सरकारी, सामुदायिक अस्पताल तथा संघ/संस्थाहरुसँग मिलेर स्वास्थ्य जोखिममा परेका वालवालिका, महिला, जेष्ठ नागरिकहरुका लागि निदानात्मक, उपचारात्मक तथा निरोधात्मक स्वास्थ्य सेवा कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- योग्य अनुभवी चिकित्सक र अत्याधुनिक उपकरणद्वारा आँखा उपचार, महिला स्वास्थ्य सेवा, हाडजोर्नी तथा दाँतको उपचारमध्ये केही स्वास्थ्य सेवाहरु सहितको सिविर सञ्चालन गरिने छ ।
- आयुर्वेद चिकित्सा प्रणालीको विकास, विस्तारका लागि समुदाय, विद्यालय आयुर्वेद र योग शिक्षा कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरि प्रचारप्रशार, औषधीसहित विज्ञ-विशेषज्ञहरु झिकाई कार्यपालिकाले तोकेको स्थानमा शिविर सञ्चालन गरिने छ ।
  आयुर्वेदिक औषधीको रुपमा प्रयोग हुने जडिबुटीहरु बारे कम्तिमा एकपटक परिचयात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरवासीहरुलाई स्वास्थ बिमा गर्न प्रोत्साहित गरिने छ ।
- धामी झाक्रीहरुको भेला गरी प्राथमिक स्वास्थ्य सेवाबारे न्यूनतम जानकारी उपलव्ध गराइने छ ।
- महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई प्रोत्साहित गरिने छ ।
- फोहोर मैला सरसफाई तथा व्यवस्थापनका लागि सहर तथा टोल-टोलमा सरसफाई कार्यक्रम सञ्चालन, नियमित फोहोर संकलन र व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- पोषण सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- नगर स्वास्थ्य ऐन, नियमावली तथा कार्यविधिहरु निर्माण गरी सोही बमोजिम स्वास्थ्य सम्बन्धी गतिविधिहरु सञ्चालन गरिने छ ।

**<u>शिक्षा तथा खेलकुद :</u>**

- सम्बन्धित विषयविज्ञ तथा सरोकारवालाहरुको राय सुझाव समेतलाई आधार मानी स्थानीय शिक्षा ऐन एवम् नगर शिक्षा नीतिलाई समयानुकुल संशोधन गरी कार्यान्वयन गरिने छ ।

- कोरोना भाइरसका कारण प्रभावित बनेको विद्यालयको गुणस्तर सुधार गर्नका लागि विद्यालय व्यवस्थापन समिति, विद्यालयका प्रधानाध्यापक, एवम् शिक्षकहरुको सहभागितामा उपयुक्त निर्णय लिई मार्फत उपयुक्त नगर शिक्षा कार्ययोजना (Action Plan) बनाई लागू गरिने छ ।
- नमुना विद्यालय निर्माणको कार्यक्रम बनाई चरणबद्ध रुपमा लागु गरिने व्यवस्था मिलाइने छ ।
- गुणस्तरीय शिक्षा प्रदान गर्नेमध्ये उत्कृष्ट विद्यालय र उत्कृष्ट शिक्षक घोषणा गरी कदर गर्ने नीति अवलम्वन गरिने छ ।
- आधारभुत बाल विकास केन्द तथा लक्षित समूहका बालबालिकाहरुको पहुँच बढाउन विभिन्न प्रोत्साहनका कार्यक्रमहरु ल्याइने छ ।
- नगर क्षेत्रको सामुदायिक विद्यालयबाट SEE परीक्षामा र आधारभुत तह उतीर्ण परीक्षामा सर्वोत्कृष्ट हुने अंक ल्याउने एक-एक जना छात्र र छात्रालाई सम्मान गरी पुरस्कृत गरिने छ ।
- नगरपालिका क्षेत्र भित्रका दलित समुदाय मध्येबाट SEE परीक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने एक-एक जना छात्र र छात्रालाई सम्मान गरी पुरस्कृत गरिने छ ।
- नगरस्तरीय खेलकुद विकास समिति मार्फत खेलकुद क्षेत्रको विकास एवम् प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ । ब्याडमिन्टन, फुटवल, भलिवल, टिटि खेलहरूको प्रोत्साहन गरिनेछ ।
- विद्यालय पहुँचभन्दा बाहिर रहेका, बीचैमा कक्षा छाड्ने वालवालिकालाई विद्यालय पुनः विद्यालयमा फर्काउनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- बिद्यालयको बिद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दीको लेखाजोखा गरि दरबन्दी मिलान गरिने छ ।
- खेलकुद र अनुशासनलाई आत्मसात गरी समृद्धितर्फ लम्कन युवा पुस्तालाई प्रोत्साहित गर्ने नीति अबलम्बन गरिने छ ।
- सिरिजंगा विश्वविद्यालयको प्रारुप तयार गर्न परामर्श सेवामार्फत आवश्यक अध्ययन गरिने छ ।
- बसन्तपुर लसुने ,मंगलबारे र दाँगपमा पुस्तकालय निर्माण गरि अध्ययन केन्द्रको रुपमा विकास गरिने छ ।
- विभिन्न जातजातिका भाषाभाषीलाई संरक्षण गर्ने तथा पाठ्यक्रममा सामावेश गरिने छ ।
- आदिवासी जनजातीहरुको परम्परागत ज्ञानलाई बोध गराई वौद्धिक सम्पतिको अधिकारलाई प्रयोगमा ल्याउने नीति अवलम्बन गरिने छ ।
- बालबालिकाहरुको अन्तर्निहित क्षमताको बिकास गर्ने उदेश्यले विद्यालयस्तरमा नियमित अतिरिक्त कृयाकलाप संचालन गर्ने व्यवस्था मिलाइने छ ।

- बसन्त बहुमुखी क्याम्पसलाई विद्यार्थीको आकर्षण केन्द्रको रुपमा स्थापित गर्न आवश्यक सहजीकरण गरिने छ ।
- शिक्षकहरुको पेशागत दक्षता र क्षमतालाई विकास गर्न विभिन्न चरणका तालिम प्याकेज संचालन गर्नका साथै अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइने छ ।
- प्राथमिक तहमा अध्ययनरत बालबालिकालाई मध्यनजर गरी स्थानिय तहको पाठ्यक्रम निर्माण गरिने छ ।
- यस लालिगुराँस नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक कार्य गरिने छ ।
- विद्यालयको अनुगमन निरीक्षण गरि आवश्यक पृष्ठपोषण प्रदान गरिने छ ।
- सामुदायिक विद्यालयका प्राथमिक तहमा अध्ययनरत बालबालिकालाई दिवा खाजा कार्यक्रम संचालन गर्दै लैजाने नीति अवलम्बन गरिने छ ।
- नगरस्तरमा वालक्लवलाई सक्रिय रुपमा संचालन गरिने छ । नगरपालिका भित्रको उपयुक्त स्थानमा वालउद्यान निर्माण गरिने छ । साविकमा निर्माण भएको वाल उद्यानलाई सुधार गरिने छ ।
- आधारभुत तह कक्षा ५ र कक्षा ८ को परीक्षा प्रणालीलाई मर्यादित, विश्वसनीय बनाइने छ ।
- आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७५ समयानुकुल संशोधन गरिनेछ ।

**<u>युवासम्वन्धी नीति</u>**

- लालिगुराँस नगरपालिकाका सबै वडाहरुमा युवाक्लब गठन गरी विपद व्यवस्थापन, स्वयंसेवकीय कार्य र सामाजिक जागरणका अभियानहरुमा परिचालन गरिने छ ।
- वैदेशिक रोजगारीबाट फर्केका र अन्य वेरोजगार युवाहरुलाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालीम प्रदान गरी नगरपालिकाको सिफारिसमा बैंक तथा वित्तीय संस्थाहरूबाट सहुलियतपूर्ण कर्जा प्राप्तिका लागि सहजीकरण गरिने छ।
- कृषि, पशुपालन तथा पर्यटनका क्षेत्रमा स्वरोजगार र रोजगारीका थप अवसरहरुको सृजना गरिने छ ।
- वसन्तपुर क्याम्पसगँग समन्वय गरेर कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूको उपयुक्त समय मिलाई नगरपालिकाको विभिन्न विषयको सूचना संकलन लगायतको कार्यमा परिचालन गरिने छ ।
- युवाहरुलाई उद्यमशीलता र नेतृत्व विकास सम्वन्धि तालिम सञ्चालन गरी विभिन्न रोजगारीमुलक कार्यक्रमहरूमा सहभागिताको अवसर उपलब्ध गराइने छ ।

- राष्ट्रिय जीवनका विभिन्न क्षेत्रहरूमा अव्वल ठहरिएका यस नगरपालिकाका युवाहरुलाई प्रोत्साहित एवम् सम्मानित गरिने छ ।
- युवाहरूको ज्ञान, शीप र क्षमताको अभिलेख राख्नका लागि युवा डाटा बैंक स्थापना गरिने छ ।
- युवा सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनका सन्दर्भमा सरोकार तह र निकायहरूसँग आवश्यक समन्वय गरिने छ ।
- वालविवाह, जातीय भेदभाव दाइजो प्रथा वोक्सी प्रथा उन्मुलन, छोरीलाई विद्यालयमा पठाउने लगायतका सकारात्मक कार्यहरूको प्रचार प्रसारका लागि युवाहरूलाई परिचालन गरिने छ ।
- यस्तो कार्यमा खटिएका युवाहरूलाई नगर कार्यपालिकाले कार्यविधी निर्माण गरी खाना, खाजा र अन्य आवश्यक सामग्रीहरू (logistic supports) उपलव्ध गराउन सक्ने छ।

**ज्येष्ठ नागरिक सम्बन्धि :**

- जेष्ठ नागरिकसँग सम्बन्धित सरोकारवाला निकायबीच अन्तरक्रियात्मक तथा सचेतनामुलक कार्यक्रम गरिने छ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइने छ।
- जेष्ठ नागरिकमा भएका ज्ञान, दक्षता, सिप र अनुभवको अधिकतम सदुपयोग गर्नका लागि माध्यमिक तहका बालबालिकासँग अन्तरपुस्ता सिप हस्तानतरण कार्यक्रम सञ्चालन गरिने छ।
- जेष्ठ नागरिक दिवासेवा केन्द्र स्थापना गर्न आवश्यक कार्य गरिने छ।
- स्थानीय स्तरमा जेष्ठ नागरिक कल्याण कोष स्थापना गरी असहाय, दुर्व्यवहारबाट पिडित जेष्ठ नागरिकहरुलाई राहत, सुरक्षा र स्वास्थ्य उपचार प्रदान गरिने छ।
- जेष्ठ नागरिकहरुको आधारभुत हक अधिकारको संरक्षण एवम् सम्मानजनक जीवनयापन गर्ने तथा सवैबाट जेष्ठ नागरिकहरुलाई संरक्षण र प्रत्साहन हुने कार्यक्रम सञ्चालन गरिने छ।
- विशेष जोखिममा रहेका सडक तथा जेष्ठ नागरिकलाई लक्षित गरी पुनस्थापना कार्यक्रम संचालन गर्ने नीति लिइने छ।
- जेष्ठ नागरिकलाई उपयुक्त समय र स्थानमा तीर्थाटनमा लगिने छ।
- व्यवसायिक रुपमा सञ्चालनमा रहेका कुनै जेष्ठ नागरिक केन्द्रहरुमा लगेर अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिने छ।

- ९० बर्ष माथिका जेष्ठ नागरिकहरुको घर-घरमा पुगेर डाक्टरको सेवा र कोशेलीसहितको भेटघाट कार्यक्रम सञ्चालन गरिने छ ।

## बालबालिका सम्बन्धि नीति

- बालबालिका विरुद्ध हुने सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा,बाल विवाह वा दुर्व्यवहारबाट बालबालिका तथा किशोर-किशोरीलाई संरक्षण गर्ने,सवै प्रकारका वालश्रम न्यूनीकरण तथा निषेध गर्ने कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- किशोर किशोरीहरुमाथि हुने यौन हिंसा न्युनीकरणका लागि यौन शिक्षा तथा जनचेतनामुलक कार्यक्रमहरु गरिने छ ।
- बाल अधिकार तथा बालबालिकाको अधिकार संरक्षण र सम्बर्द्धन गर्न प्रत्येक विद्यालय तथा गाउँस्तरीय बाल क्लब र नगरस्तरीय बाल सन्जाल गठन गर्ने ।
- किशोर किशोरीहरुलाई क्षमता तथा सिप विकासको तालिम संचालन गर्ने ।
- लालिगुराँस नगरपालिकालाई बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषणा गर्न आवस्यक पर्ने कानूनहरु निर्माण तथा पैरवी कार्यक्रम सञ्चालन गर्ने ।

## महिला सम्बन्धी नीति

- लक्षित समुह सहभागिता र व्यक्तित्व विकाससम्बन्धि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने
- संस्थागत, महिला केन्द्रित, उद्यमशिलतामा आधारित व्यवसायिक तथा समविकास तालिम कार्यक्रम संचालन गर्ने ।
- लैगिंक मुल प्रवाहीकरण र नेतृत्व विकाससँग सम्बन्धित विभिन्न प्रकारका तालिम कार्यक्रमहरु संचालन गर्ने ।
- व्यवसायिकताका लागि मागमा आधारित दक्षता तथा सिप विकासका तालिम संचालन गर्ने ।
- लैगिंक हिंसा न्यूनीकरणका लागि न्यायिक समितिको क्षमता विकाससम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने ।
- न्यायिक समितिका कार्यक्रमहरुबारे अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने ।
- हिंसामा परेका, जोखिममा परेका वालवालिका, जेष्ठ नागरिक, महिला र असहाय विकलांगहरुको खोजी, संरक्षण, संरक्षण तथा सीप र साधनसहित समाजमा पुनस्थापना गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने ।

## अपांगता भएका व्यक्तिहरु सम्बन्धी नीति

- अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी परिचय पत्र जारी गर्ने

- अपांगता भएका बालबालिकाहरुलाई छात्रावृत्ति कार्यक्रम संचालन गर्ने
- विशेष प्रकृतिका अपांगता भएका व्यक्तिहरुको लागि विशेष शिप तथा क्षमता विकास सम्बन्धी तालिम संचालन गर्ने र उनीहरुले उत्पादन गरेका सामग्रीहर विक्रिका लागि सहजीकरण गर्ने ।
- सुस्तश्रवण भएका, दृष्टिविहिन तथा हिडहडुल गर्न नसक्ने गरी अपांगता भएकालाई दैनिक जीवन संचालनसम्बन्धि तालिम र अभिभावकहरुलाई परामर्श सेवा कार्यक्रम संचालन गर्ने ।
- विशेष प्रकृतिका अपांगताको पहिचान  गरि कृत्रिम अंग वितरण, सहायक सामग्री वितरण र स्वास्थ्य उपचार सेवा उपलब्ध गराउने ।
- अपांगता भएका व्यक्तिहरुका लागि एकिकृत शिक्षा, समुदायमा आधारित पुनस्थापना र व्यवसायिक तालिम संचालन कार्यक्रम गर्ने ।
- अपांगता भएका व्यक्तिहरुको फरक क्षमताका आधारमा कार्यक्रमहरुमा समावेश रोजगार बनाउन सहजीकरण गर्ने
- मानसिक रोगी, अनाथ, विभिन्न कारणले बाबु-आमाको साथ गुमाएका बालबालिकाहरुको माध्यमिक तहसम्मको शिक्षा सुनिश्चित गर्ने र तिनीहरुलाई जीवन निर्वाहका लागि न्यूनतम व्यवस्था गरि दिने ।

## सहकारी

- लक्षित वर्गका कृषकहरुलाई सहकारी खेती गर्न प्रोत्साहित गरी लागत अनुदानमा आधारित मेसिनरी औजार, वीउ, कीटनासक औषधी र प्राविधिक सेवामा सहजीकरण गर्ने
- कृषि सहकारीका सदस्यहरुको मागमा आधारित कृषक तालिम सञ्चालन गर्ने
- स्थानीय उद्यमीहरुबाट उत्पादित बस्तु तथा सेवाको बजारीकरणका लागि कार्यक्रम गर्ने
- लागत साझेदारीमा नगरपालिका भित्र कोशेली घर स्थापना र सञ्चालनमा सहजीकरण गर्ने
- सहकारी मार्फत पर्यटन प्रवर्द्धन गर्ने गरी सामुहिक होमस्टे सञ्चालनमा सहयोग गर्ने
- सहकारी संस्थामार्फत उद्यम र रोजगार प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरु आयोजना गर्ने
- चैत्र २० गते राष्ट्रिय सहकारी दिवस आयोजना गर्ने
- सहकारी लेखापालन, उद्यमशीलता, रणनीतिक योजना निर्माण तालिम सञ्चालन गरिने छ ।
- सहकारी अवलोकन भ्रमण कार्यक्रम राखिने छ ।
- सुपथ मूल्यको सहकारी पसल सञ्चालक सहकारीलाई कारोवारको आधारमा कार्यविधि बनाई अनुदान दिइने छ ।

## उद्योग तथा वाणिज्य

- घरेलु तथा साना उद्योगको प्रोफाइल तयार गरी उद्योगहरुको विवरण अध्यावधिक गर्ने
- उद्योग, वाणिज्यको कारणबाट सिर्जित प्रदुषण सहकार्यमा व्यवस्थापन कार्य गर्ने
- व्यापारीहरुसँग अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गर्न
- उद्योग वाणिज्य संघको सहयोग लिई बजार अनुगमन कार्यलाई निरन्तरता दिइने छ ।

## बस्ती विकास तथा शहरी बिकास

- नगरपालिका क्षेत्र भित्र बन्ने कुनै पनि किसिमको संरचना एवम् घरहरु निर्माण गर्दा अनिवार्य रुपमा नगरपालिकाबाट अनुमति लिएरमात्र बनाउन पाउने व्यवस्थालाई कार्यान्वयन गरिने छ । यसको लागि वडा कार्यालयहरुवाट समेत आवश्यक अनुगमन तथा समन्वय गर्ने ब्यवस्था मिलाइने छ ।
- घर नक्सापास गर्न भवन निर्माण संहिता २०६० (NBC) वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७५, अनुसार भवन निर्माण कार्यविधि बनाई लागू गरिएकोले त्यसलाई आवश्यकता अनुसार संशोधन गरि पूर्ण रुपमा कार्यान्वयन गरिने छ ।
- भूकम्प प्रतिरोधी घर निर्माणका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने र सिकर्मी, डकर्मी तथा निर्माण कार्यमा संलग्न कामदारहरुलाई आवश्यक पर्ने तालिम सञ्चालन गरिने छ । तालिमप्राप्त कालिगढका अभिलेख तयार गरि सूचीकृत गरिने र उनीहरुबाट मात्र घर बनाउन पाउने व्यवस्था क्रमशः लागू गरिने छ ।
- नगरपालिका क्षेत्र भित्रबन्ने सरकारी भवनहरु निर्माण गर्दा अनिवार्य रुपमा अपाङ्ग मैत्री, लैङ्गिकमैत्री हुनुपर्ने व्यवस्था लागू गरिने छ ।
- नगर सडक यातायात गुरुयोजना निर्माण गरिने छ । नगरस्तरीय सडकहरु ग्रावेल तथा पिच गर्न अनिवार्य रुपमा सडकको चौडाई ६ मिटर (नाली र सेट व्याकबाहेक) हुनुपर्ने नीति लिइने छ । तोकिएको मापदण्ड नपुगी सडक पिच, ग्रावेल, खानेपानी तथा सडक बत्ती उपलब्ध नगराइने नीतिलाई निरन्तरता दिइने छ ।
- सडक दाँयाबाँया क्षेत्रमा सार्वजनिक, ऐलानी पर्ति जग्गा अतिक्रमण गरी घर टहरा निर्माण गर्न दिइने छैन । यस्तो कार्य दण्डनीय हुने छ । यदि सुकुम्बासी व्यक्ति रहेछ भने निजलाई नगरपालिकाले उचित निर्णय लिई वसोवासका लागि सहजीकरण गरिदिने छ ।
- भू-उपयोग नीतिअनुसार नगरको भू-उपयोग योजना बनाई लागु गर्दै एकीकृत वस्ती विकासलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ ।
- मध्यपहाडी लोकमार्ग र कोशी राजमार्गलाई बाईपास सडक निर्माण गरि बजार क्षेत्रका सडकहरुलाई नगर सडकको रुपमा व्यवस्थापन गरिने छ ।

## सार्वजनिक जग्गा संरक्षण

नगरक्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि बिशेष पहल गरिने छ । नगरक्षेत्र भित्रका ऐलानी/पर्ति जग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाइने छ । ऐलानी/पर्ति जग्गाको संरक्षण र उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्न योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन गरिने छ । सार्वजनिक जग्गामा बनेका घर,

भवन, सटर, टहरा र घुम्तीहरुलाई नगरपालिकाले कानूनी दायरामा ल्याउन आवश्यक नीति लिइने छ ।

## सुकुम्बासी तथा अव्यवस्थित बसोबास समस्या समाधान

यस नगरपालिका क्षेत्र भित्र वर्षौदेखि बसोबास गर्दै आएका सुकुम्बासी तथा अव्यवस्थित बसोबासलाई व्यवस्थित बसोबासको लागि लगत संकलन गरि अध्यावधिक गरिने छ ।

## बन, बातावरण तथा विपद व्यवस्थापन

- जैविक विविधताको अनुसन्धान अभिलेखीकरण, प्रचार प्रसार गरी समुदायको हित अनुकुल बनाउने नीति लिइने छ ।
- सामूदायिक तथा सरकारी वनभित्रका नाँङ्गा डाँडाहरुमा बृक्षारोपण गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- वन क्षेत्रमा उपलब्ध हुने चिराइतो, लोक्ता, अम्रिसो, कुरीलो, लौसी, वेतबाँस जस्ता विभिन्न प्रजातिका विरुवा एवं जडीबुटीलाई व्यवसायिक खेतीतर्फ उन्मूख गरी आय आर्जनको माध्यम बनाउने नीति लिइने छ ।
- नेपाल सरकारले तयार गरी लागु गरेको वातावरण मैत्री स्थानीय शासनको प्रारुप अनुसार यस नगरपालिकाले प्राकृतिक वातावरणको संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिनेछ ।
- वातावरण मैत्रीविकास पूर्वाधार निर्माणमा जोड दिइने छ । हरितशहरको अवधारणा अनुरुप पार्क निमार्ण, विकास र प्रवर्द्धनमा जोड दिइने छ ।
- पानीका मूहान तथा पोखरीहरुको संरक्षण गरी रिचार्ज सिस्टममा ध्यान पुर्याइने छ ।
- नगरका प्रत्येक वडाहरुमा विपद पूर्व तयारी योजना निर्माण गरि कार्यान्वयन गरिने छ ।
- नगरपालिका क्षेत्रमा हुने प्राकृतिक प्रकोप र विपद व्यवस्थापनको विपद व्यवस्थापन कोषलाई व्यवस्था मिलाइने छ ।
- राष्ट्रिय वन क्षेत्रभित्र पूर्वाधार, सडक निर्माण, खानेपानी, खनिज, वनपैदावर, जडीबुटी आदी उपयोग गर्न वन ऐन, २०७६ स्रशोधन गरी कार्यन्वयन गरिनेछ ।

## खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापनः

- स्वच्छ खानेपानीमा सबै नगरबासीको पहुच पुर्याउनेसाथै मुहान संरक्षण गरी खानेपानीको समस्याको दीगो समाधान खोजिने छ ।
- पारिवारिक सरसफाई र सामुहिक सरसफाई सम्बन्धी चेतना मुलककार्यक्रम सञ्चालन गरिने छ ।
- बजार केन्द्रबाट उत्सर्जन हुने फोहोर व्यवस्थापनका लागी उपयुक्त ल्याड फिल्ड साइटको व्यवस्था गरिने छ ।
- घर-घरबाट उत्सर्जन हुने फोहोर प्रशोधन गरी प्राङ्गारिक मल बनाउन चेतना एवम् सिपमूलक तालिम सञ्चालन गरिने छ ।
- पिंगुवा र परेवा खोलामा मुहान थापी पानी सुद्धीकरण गरी खानेपानीको अभाव पूर्ती गर्न आवश्क पहल गरिने छ ।
- नगरपालिका भित्रका विभिन्न जात जाती तथा समुदायका चिहान क्षेत्र, घाटहरु संरक्षण सुधार गरिने छ ।

## सिचाई

- तरकारी पकेटक्षेत्र रहेका स्थानहरुमा स्प्रिङकल सिचाईको व्यवस्था गरिने छ ।
- प्लाष्टीक पोखरी लगायत बैकल्पिक सिचाईका प्रविधि मार्फत सिचाइको व्यवस्था गरिने छ ।
- तरकारी तथा फलफूलका लागि सिँचाइको अभाव भएका स्थानमा थोपा सिंचाई कार्यक्रम नमूनाका रुपमा लागू गरिने छ ।

## शान्ति सुरक्षा

- नगरबासीहरुको शान्ति सुरक्षालाई ध्यानमा नगर प्रहरी थप गर्ने र मंगलबारे एवम् दाँगपामा सुरक्षा चौकी स्थापना गर्न पहल गरिने छ ।
- नगरपालिकाका महत्वपूर्ण स्थानहरुमा नेपाल प्रहरीको सहकार्यमा सिसिटिभि जडान गरिने छ ।
- बजार भित्र सौर्य बत्ती नभएको स्थानमा सडक बत्तीको व्यवस्था गरिने छ ।
- बाक्लो बस्ती भएको बजार भित्र आगलागी भएमा तत्काल निभाउन सजिलोको लागि सुरक्षा निकायसँग समन्वय गरी विभिन्न स्थानमा प्लाष्टिक ट्यांकीमा पानी भण्डार गरि राखिने छ ।
- सुरक्षा निकाय, ट्राफिक प्रहरी र सामुदायिक रेडियोसँगको सहकार्यमा सूचना र जागरणमूलक कार्यक्रमहरु उत्पादन तथा प्रशासरण गरिने छ ।
- सडक नाटक मार्फत शान्ति कायम गर्नका लागि जागरणमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## सामाजिक परिचालन

यस नगर क्षेत्र भित्र सामाजिक परिचालन कार्यलाई निरन्तरता दिंदै कार्यक्षेत्र तोकी निम्नानुसार कार्यक्रम सञ्चालन गरिने छ ।

- एक बस्ती एक संगठनको अवधारणालाई क्रमश अवलम्बन गर्ने ।
- छरिएर रहेका पूँजीलाई सहकारी मार्फत परिचालन गर्न समुदायलाई उत्प्रेरित गर्ने ।
- स्थानीय स्तरमा गठित नागरिक समाजका संस्थाहरुलाई स्थानीय सरकार लगायत अन्य सेवाप्रदायकसँग सहकार्यका लागि उत्प्रेरित गर्ने ।
- नगरपालिका क्षेत्र भित्र विभिन्न निकायबाट सम्पादन गरिएको सामाजिक परिचालन कार्यको निरन्तरता दिइने छ । सामाजिक परिचालकहरुको लागि अत्यावश्यक तालिम तथा कार्यक्रमहरु सञ्चालन गरी उनीहरुलाई थप जिम्मेवारीका साथ कार्यक्षेत्रमा परिचालन गरिने छ ।

## लैंगिंक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी नीति (आदिवासी, जनजाति, दलित लगायत लक्षित बर्गसम्बन्धी समेत)

- महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसायमार्फत आर्थिक रुपमा सवल बनाइने छ ।
- आर्थिक सामाजिक शैक्षिक तथा सांस्कृतिक सशक्तीकरण गर्दै नगर विकासमा उनीहरुको समान सहभागिता गराउन प्रोत्साहन गरिनेछ ।

- विपन्न वर्ग र समुदायका महिलाहरुको आर्थिक श्रोत साधनमा पहुँच बढाउन आय आर्जन र महिला सशक्तिकरणका कार्यक्रमहरु संचालन तथा समूह गठनमा जोड गरिने छ ।
- दलितहरुको परम्परागत पेशा आधुनिकीकरण गर्न सहयोग गरिने छ ।
- युवाहरुलाई राष्ट्र निर्माणमा सरिक गराउन रोजगारमूलक तथा उद्यमशीलता विकास सम्बन्धी तालिम दिइने छ ।
- फरक क्षमता भएका नागरिकहरुको प्रकृति अनुरुप आय आर्जनको लागि तालिम तथा सुविधाजनक सामग्री वितरण गरिनेछ ।
- आदिवासी जनजाति, अल्पसंख्यक तथा पिछडाबर्गको क्षमता विकास गर्ने सीपमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- आय आर्जन तथा स्वरोजगार जस्ता कार्यक्रमहरुमा दलित, आदिवासी जनजातिहरुलाई विशेष प्राथमिकता दिइने छ ।
- जेष्ठ नागरिकहरुको अनुभवलाई संम्पतिको रुपमा स्वीकार गरि जेष्ठ नागरिकहरु प्रतिको सम्मान कार्यकमलाई निरन्तरता दिइने छ ।
- सामाजिक सुरक्षाभत्तालाई आगामी आ.व. मा पनि घर-घरमा पुगेर वितरण गरिने छ ।

**न्याय सम्पादन**

- न्यायिक समितिलाई सक्षम बनाउनका लागि आवश्यक तालिम, उपकरण, पुस्तकालय, कर्मचारी आदिको व्यवस्थापन गरिने छ ।
- बस्ति तथा वडास्तरमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलापकर्ता मार्फत छिटो, छरितो र विश्वासनीय ढंगबाट विवादका पक्षहरुलाई मेलमिलाप गर्न उपर्युक्त वातावरण तयार गरिने छ ।
- समितिबाट सम्पादन भएको न्यायिक कार्यको अभिलेखीकरण गरिने छ । यस कार्यका लागि आवश्यकता अनुसारको जनशक्ति व्यवस्थापन गरिने छ ।
- हिंसामा परेका महिला पुरुषहरुको लागि नगरपालिकाले विशेष सहजीकरण र समन्वयात्मक कार्यक्रमहरु सञ्चालन गर्ने छ ।
- न्यायिक समितिले बार्षिक रुपमा सम्पादन गरेका कार्यहरु एकीकृत गरी पुस्तकको रुप दिई आवश्यकता अनुसार प्रकाशन गर्ने वा वेवसाईटमा राख्ने कार्य गरिनेछ ।

**राजश्व**

- कर तिर्नु नागरिकको कर्तव्य हो भन्ने अनुभूति दिलाउन नगरवासीहरुसँग घर दैलो कार्यक्रम सञ्चालन गरिने छ । आगामी आ.व.को कार्तिक महिनाभित्र हालसम्मको कर तथा वक्यौता चुक्ता गर्ने नगरवासीहरुलाई विशेष छूटको व्यवस्था गरिने छ ।
- स्थानीय पसल व्यवसाय, उद्योग होटल सञ्चालकहरुलाई नगरपालिकामा अनिवार्य रुपमा दर्ता गर्न लगाइने छ ।
- यस नगरभित्र भएका अव्यवस्थित घरहरुलाई कार्यविधि वनाई अभिलेखिकरण गर्ने नीति अबलम्बन गरिने छ ।
- राजश्वबाट संकलित रकमलाई राजश्व संकलन हुने क्षेत्रका विकासा न्यायोचित ढंगले विनियोजन गर्ने नीति अवलम्बन गरिने छ ।

- नगरपालिकाको विभिन्न कार्यमा भाडाका सवारी साधनहरु प्रयोग गर्दा सूचीकृत भएकालाई प्राथमिकता दिइने र भाडा दररेट कार्यपालिकाबाट पास भए बमोजिम हुनेछ

## सूचना प्रविधि

नगरपालिका र वडा कार्यलयहरुको लागि आवश्यक पर्ने सवै खालको सूचना प्रविधिसँग सम्बन्धित तालिम कार्यक्रमहरु सञ्चालन गरिने छ । यसका लागि नगरपालिकाको सूचना बैंक तयार गरी सूचना प्रविधि शाखामा राखिने छ । नगरपालिका भित्र दर्ता भएका हरेक घटनाहरु अद्यावधिक गर्ने सामाजिक परिचालकहरु मार्फत संकलन भएका सूचना र अभिलेखहरु व्यवस्थित गरिने छ ।

नगरपालिका तथा वडा कार्यालयहरुबाट राजश्व उठाउनका लागि सहज हुने उपयुक्त सफ्टवेयर उपकरणहरु खरिद गरिने छ ।

सामाजिक सुरक्षा शाखालाई प्रविधिमैत्री बनाई सामाजिक सूचनाहरु व्यवस्थित गरिने छ । बसाई सराई विवाह दर्ता लगायतका घटनाहरु बार्षिक रुपमा एकीकृत गरी सूचना बैकमा राखिने छ । सबै वडा कार्यालयहरुमा अनलाईन प्रणालिबाट व्यक्तिगत घटना दर्ता सुरु गरिने छ ।

सूचना प्रविधिसँग सम्बन्धित कार्यकालागि आवश्यक पर्ने उपकरणहरु खरिद गरिने छ ।

## कर्मचारी प्रशासन

- उच्च मनोवल नै गुणस्तरीय सेवाप्रवाहको आधार हो, तसर्थ नीति नियम कानुन वमोजिमका कार्य उच्च मनोवलका साथ सम्पादन गर्न कर्मचारीहरुलाई प्रोत्साहित र उत्प्रेरित गरिने छ ।
- कर्मचारीहरुको योग्यता क्षमता अनुभव र रुचीसमेतका आधारमा प्रमुख प्रशासकीय अधिकृतले कार्य विभाजन गरी कार्य सम्पादन जिम्मेवारी सहितको पत्र दिएर काममा लगाउने नीति लिइने छ । कुनै पनि कर्मचारीलाई पन्ध्र दिन भन्दाबढी लिखित जिम्मेवारी नदिई राखिने छैन ।
- कर्मचारीहरुको क्षमता विकासका लागि तालिम तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइने छ ।
- नगर कार्यपालिकाले कार्यविधि बनाई कार्यबोझको आधारमा कर्मचारीहरुलाई थप पारिश्रमिक उपलब्ध गराउन सक्नेछ ।
- नगरपालिकाको कर्मचारी कल्याणकोषलाई अद्यावधिक गरि कोष थप गरिने छ ।

## सञ्चार (रेडियो, टि.भि., छापा पत्रपत्रिका, अनलाइन खवर आदि) सम्बन्धि:

नगरपालिका भित्र खुलेका तथा नगरपालिकामा व्यवसाय दर्ता तथा नवीकरण गराएका सामुदायिक रेडियो स्टेशन, छापाखाना तथा अनलाइन खवर र पत्रपत्रिकाहरुलाई संरक्षण गर्ने क्षमता विकास गर्ने र सहकार्यमा कार्यक्रम उत्पादन वितरण गर्न प्राथमिकता दिइने छ ।

## सुशासन, सेवा प्रवाह तथा अभिलेखीकरण सम्बन्धि :

- नगर कार्यपालिकाको काममा सुशासन कायम गर्नका लागि कामको उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी र जस्ता कुराहरु देखिने गरी नागरिक वडापत्र तयार गरी नगरपालिका तथा वडा कार्यालयहरुमा समेत सेवाग्राहीले देख्ने ठाउँमा टाँसिने छ ।
- चौमासिक खर्चको विवरण सूचना पाटी तथा वेवसाइटमा प्रकाशन गरिने छ ।
- सूचनाको हक सम्बन्धी चौमासिक प्रकाशन गरी वेवसाइटमा राखिने छ ।
- नगरपालिकाका सूचनाहरु सर्वसाधारणले देख्न र हेर्न मिल्ने गरी सूचना पाटीमा टाँसिने छ ।
- उपभोक्ता समितिबाट निर्माण हुने रु.२ लाखभन्दा बढीका योजनाहरुको सूचना पाटी निर्माण गरी आयोजना स्थलमा टाँस्ने व्यवस्था मिलाइने छ ।
- उपभोक्ता समितिलाई अनिवार्य रुपमा तालिम दिएरमात्र संझौता गरिने छ ।
- नगरपालिकाको वेवसाइटलाई अझै प्रभावकारी वनाई अधिकतम सूचनाहरु वेवसाइट मार्फत उपलव्ध गराइने छ ।
- नगरपालिकाको मोवाइल एपलाई अद्यावधिक गरी प्रयोगमा ल्याइने छ ।
- गुनासोपेटिकालाई नियमित खोल्ने, मेल तथा अन्य श्रोतबाट प्राप्त भएका गुनासोहरु यथाशीघ्र संवोधन गर्ने व्यवस्था मिलाइने छ ।
- नगरपालिकाका सवै प्रकारका सूचनाहरु सूचना पाटीमा टाँस्ने तथा वेवसाइटमा अपलोड गरिने छ ।
- नगर कार्यपालिकाको प्रवक्ता, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ । कार्यपालिका तथा कार्यालयका सूचनाहरु संकलन, प्रशोधन तथा व्यवस्थित गरी प्रवाह गरिने छ ।
- नगरपालिकाको गतिविधिहरु नागरिकसमक्ष जानकारीका लागि बार्षिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम गरिने छ ।

**संस्थागत विकास तथा सुशासन :-** नगरपालिकाको समग्र योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन एवम् मुल्यांकन कार्यलाई नतिजामुखी बनाई संस्थागत, संरचनागत, नीतिगत, कार्यविधिगत एवम समग्र व्यवस्थापकीय पक्षहरुमा सुधार गरिने छ ।

नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट सञ्चालन गरिने वार्षिक योजना तथा कार्यक्रमहरु निम्नानुसारको बार्षिक क्यालेण्डरको आधारमा सञ्चालन गरिने छ ।

| महिना | सम्पादन हुने/ गर्नु पर्ने क्रियाकलापहरु |
|---|---|
| श्रावण | आन्तरिक लेखा परीक्षण, खरिद योजना निर्माण तयारी, नगर दररेट सम्वन्धी छलफल, कर संकलन सम्वन्धी ठेक्का संझौता तथा कार्यान्वयन, वार्षिक प्रतिवेदन तयारी वार्षिक समीक्षा र छलफल, नगरकार्यपालिकाको वैठक, नगर सभाबाट संशोधन तथा पारित भएका ऐन, नियमावली र कार्यविधिहरुको राजपत्र प्रकाशन, आन्तरिक लेखापरीक्षण, सार्वजनिक सुनुवाई, आदि। |

| | |
|---|---|
| भाद्र | गत आ. व. का अधुरा योजना संझौता, भुक्तानी बाँकी योजनाको अनुगमन तथा भुक्तानी, यस आ. व. मा संचालन गरिने योजनाहरुको उपभोक्ता समिति गठनको थालनी, वडा कार्यालयमा नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत एवम् योजना सम्वन्धी कार्यमा संलग्न कर्मचारीहरू सहितको टोली सहभागी भई उपभोक्ता समितिलाई प्रशिक्षण दिने, कार्यपालिका बैठक, खरिद सम्वन्धी सूचना प्रकाशन, नगरपालिकाको श्रोतबाट व्यहोरिने पदहरूमा सम्वन्धित ऐनमा उल्लेख भए वमोजिम पद पूर्तिको विज्ञापन, नगर कार्यपालिकाको नागरिक वडापत्र संशोधन सहित लागू गर्ने, बार्षिक नगर विकास योजना छपाई गरी वितरण, शिक्षक दरवन्दी मिलान, जिसस वाट आयोजित समीक्षा कार्यक्रममा सहभागिता, नगर प्रमुखज्यू तथा उपप्रमुखज्यू प्रमुख प्रशासकीय अधिकृतबाट<br>संघ तथा प्रदेश सरकारका मन्त्रालयहरुमा समन्वय र सहभागिता, स्टाफ बैठक । |
| आश्विन | राजपत्र संशोधनसहित प्रकाशन, खरिद सम्वन्धी माग संकलन, बिश्लेषण, लागत अनुमान तयार गर्ने, सूचना प्रकाशन, कार्यपालिकाको बैठक, योजना तथा कार्यक्रम सञ्चालनका लागि उपभोक्ता समिति गठन तथा अभिमूखीकरण, योजना संझौता गरी कार्यान्वयन सुरू गर्ने, सामाजिक सुरक्षा भत्ता वितरण कार्यको अनुगमग र वितरण, सरोकार निकायसँग अन्तक्रिया, स्टाफ बैठक । |
| कार्तिक | योजना संझौता, कार्यान्वयन, अनुगमन, कृषि, पशुसेवा, स्वास्थ्य, सवारी साधन, मेसीनरी औजारसमेतका लागि आवश्यक सामग्री खरिद, , कार्यपालिका बैठक र स्टाफ बैठक । |
| मंसिर | प्रथम चौमासिक समीक्षा, प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई, योजना संझौता, कार्यान्वयन, अनुगमन, भुक्तानी, कार्यपालिका बैठक तथा पदपूर्ति सम्वन्धी कामको थालनी, गत विगत वर्षका वेरूजुहरू प्रमाण जुटाई नियमित गर्ने, असुलउपर गर्ने, पेश्की बाँकी देखिएमा फर्छ्यौट गर्ने गराउने र त्यसको प्रगति कार्यपालिका बैठकमा पेश गर्ने दायित्व लेखा प्रमुखको हुनेछ । नगर प्रोफायल अध्यावधिक गर्ने लगायतको कार्य, सूचनाको हक सम्वन्धी प्रकाशन, स्टाफ बैठक |
| पुस | आगामी आ.व.को अनुमानित वजेट तयार गरी संघीय मामिला तथा सामान्य प्रशासन मंन्त्रालय र तोकिएका निकायमा पठाउने, योजना संझौता, कार्यान्वयन, अनुगमन, भुक्तानी, कार्यपालिका बैठक पदपुर्तिका चरणवद्ध प्रक्रिया तथा नियुक्ती, घुम्ति स्वास्थ सेवा सञ्चालन, हिउँदे नगर सभा सञ्चालन, पदाधिकारी र कर्मचारीहरूको अवलोकन भ्रमण, स्टाफ बैठक । |
| माघ | कर्मचारीहरूको क्षमता विकास सम्वन्धी विभिन्न तालिमहरू सञ्चालन, सीपमुलक कार्यक्रमहरू सञ्चालन, नगरपालिकाले आयोजना गर्ने विभिन्न गोष्ठीहरू, अनुसन्धानात्मक कार्यक्रमहरू सञ्चालन, मेला उत्सव र महोत्सवहरू, नगरपालिकाले आयोजना गर्ने खेलकुद र अन्य प्रतियोगिताहरू, हीउ पर्ने यामलाई लक्ष गरेर अन्य उपयुक्त कार्यक्रमहरूको आयोजना, लगायत योजना संझौता, कार्यान्वयन, अनुगमन, भुक्तानी, कार्यपालिका बैठक, स्टाफ बैठक । |
| फाल्गुण | योजना संझौता, कार्यान्वयन, अनुगमन, भुक्तानी, कार्यपालिका बैठक, सामाजिक सुरक्षा भत्ता वितरण, स्टाफ बैठक, दोश्रो चौमासिक सार्वजनिक सुनुवाइ । |

| | |
|---|---|
| चैत्र | दोश्रो चौमासिक समीक्षा, नगर प्रमुख, उप प्रमुखको सहभागितामा वडा समितिको कार्यालयहरूको अनुगमन, वडावासीसँग भेटघाट, जेष्ठ नागरिक, अशक्त अपांगहरूसँग भेटघाट, योजना तथा कार्यक्रमको अनुगमन, विध्यालय अनुगमन, स्वास्थ्य संस्थाहरूको योजनावध्दरूपमा अनुगमन, नेपाल सरकार, प्रदेश सरकार् र अन्य सरोकार निकायसँग साझेदारीमा सम्पन्न गरिने योजना तथा कार्यक्रमहरू सञ्चालन, योजना संझौता, कार्यान्वयन, अनुगमन, भुक्तानी, कार्यपालिका वैठक, स्टाफ वैठक । |
| वैशाख | सूचनाको हक वमोजिमको दोस्रो चौमासिक प्रकाशन, योजनाको अन्तिम संझौता, कार्यान्वयन, अनुगमन, भुक्तानी, स्थानीय सरकार सञ्चालन ऐन र नगरपालिकाको कानून वमोजिम गर्नु पर्ने भनि तोकोएका विभिन्न कार्यहरू तोकिए वमोजिम सम्पन्न भए नभएको वारे समीक्षा, कार्यपालिका वैठक, स्टाफ वैठक । |
| जेष्ठ | राजश्व परामर्श समितिको बैठक, बजेट तथा श्रोत अनुमान समितिको बैठक, नगरपालिकाको आगामी वर्षकालागि प्रस्तावित नीति कार्यपालिकामा टेवुल गर्ने, कार्यपालिकाका विभिन्न समितिहरूको बैठक, योजना कार्यान्वयनमा परेका समस्या समाधानका लागि नगर विकास समस्या समाधान समितिको वैठक, योजना तथा कार्यक्रमको अनुगमन, अन्तिम भुक्तानी, नयाँ योजना तथा कार्यक्रमको सहभागितात्मक योजना छनौट प्रकृयाद्वारा छनौटका लागि प्रकृया थालनि, कार्यपालिका वैठक, सामाजिक सुरक्षा भत्ता वितरण, स्टाफ वैठक, आ.व. २०७६/७७ को नीति कार्यक्रम र नगर सभाको तयारी । |
| असार | असार ५ गते भित्र नीति तथा कार्यक्रम पारित गर्ने, असार १० नगर सभामा बजेट प्रस्तुत गर्ने, नगर सभाबाट नगरपालिकाको नीति कार्यक्रम वजेट पारित गर्ने, आवश्यक नीति कार्यक्रम संशोधन गर्ने, आवश्कतानुसारका कर्मचारीहरूको दरवन्दी संशोधन, प्रस्तुत ऐन, नियमावली र कार्यविधिहरू प्रस्तुत र पारित गर्ने, कार्यपालिका वैठक, चालु आ.व. मा सम्पादन गरिएका योजना तथा कार्यक्रम सम्वन्धी सार्वजनिक सुनुवाइ ।<br>मासिक, चौमासिक, अर्धवार्षिक तथा बार्षिक प्रतिवेदनहरू तयार गर्ने र अन्य नियमित एवम् भैपरी कार्य सञ्चालन गर्ने ।<br>(यो क्यालेण्डर मार्ग दर्शक समयसूचक मात्र हो। यसमा उल्लेख नभएका कार्यहरू नगरपालिकाले अनुकुल समय मिलाई सञ्चालन गर्न सक्ने छ । तर आगामी २०७८ बैशाख पश्चात नगरपालिका तथा वडा कार्यालयहरू मार्फत सञ्चालन हुने योजनाहरूको संझौता गरिने छैन, पेश्की दिइने छैन । आ-आफ्नो वडाको वार्षिक योजना तथा कार्यक्रम समयमा संपादन गर्ने गराउने कार्यमा प्रथम दायित्व सम्वन्धित वडाध्यक्षको हुनेछ । |
| | यस क्यालेण्डरमा नियमित प्रकृतिका कामहरू र न्यायिक समितिका कामहरू समावेश गरिएको छैन। |

- नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा परिमार्जित बडापत्र लागू गरी सेवाग्राहीहरुलाई सम्मानका साथ मुस्कान सहितको सेवा (Treat with Smile) प्रदान गरिने छ ।

- कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कनका आधारमा पदस्थापन, बढुवा, बृत्ति विकास, पुरस्कार र सजायको व्यवस्था गरिने छ।
- उत्कृष्ट करदाता, उपभोक्ता समिति, पत्रकारलाई पुरस्कृत गर्ने पद्धतिलाई अवलम्बन गर्दै लगिने नीतिलाई निरन्तरता दिइनेछ।
- वडा कार्यालयहरुलाई व्यवस्थित र श्रोत साधनयुक्त बनाइने छ।
- नगरकार्यपालिका र प्रत्येक वडा कार्यालयले आफूले सम्पादन गरी आएका कामकारवाही तथा सेवा प्रवाहको सम्बन्धमा कम्तिमा वर्षको १ पटक सार्बजनिक सुनुवाई कार्यक्रम संचालन गरिने छ। आयोजनाहरु सम्पन्न भए पश्चात् सार्बजनिक परीक्षणका साथै सार्वजनिक सुनुवाई गर्ने व्यवस्थालाई कडाईकासाथ लागू गरिने नीतिलाई निरन्तरता दिइने छ।
- नगरपालिकाद्वारा संचालन हुने आयोजनाहरु जेठमसान्त भित्र सम्पन्न गर्ने गरी तोकिएकै समय, गुणस्तर एवम् मितव्ययी ढंगले पारदर्शिताका साथ सम्पन्न गर्न आवश्यक सहजीकरण गर्नका लागि आयोजनाको संभ्फौताकै क्रममा एक प्रभावकारी अनुगमन समिति गठन गरिने छ।
- आयोजना तर्जुमा, योजना सम्झौता, कार्यान्वयन, लेखा, सार्बजनिक परीक्षण, प्रतिवेदनको वारेमा उपभोक्ता समितिका सदस्य तथा नगर सभाका सबै सदस्यहरुको क्षमता विकास गर्न विशेष कार्यक्रम संचालन गरिने नीतिलाई निरन्तरता दिइने छ।
- नगरपालिकाको कार्य पद्धतिलाई व्यवस्थित र खर्च प्रणालीलाई पारदर्शी बनाई समग्र कार्यसम्पादन स्तरमा सुधार गर्दै सुशासनको प्रत्याभूति गरिने छ।
- नगरपालिकाले सम्पादन गरेका कामकारबाही सम्बन्धमा नागरिकहरुका गुनासाहरु तोकिएको गुनासो सुन्ने अधिकारीमार्फत तत्कालै सम्बोधन गर्ने व्यवस्था गरिने नीतिलाई निरन्तरता दिइने छ।
- नगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यवसायिक क्षमता अभिवृद्धि गर्न सम्पूर्ण शाखा तथा कर्मचारीहरुको कार्य विवरण बमोजिमको कार्यसम्पादन गर्न सक्षम बनाउन तालिम, अभिमुखीकरण जस्ता कार्यक्रमहरुको सञ्चालन गरिने नीतिलाई निरन्तरता दिइने छ।
- खरिद प्रणालीलाई योजनावद्ध रुपमा संचालन गरी श्रोत साधनको उच्चतम सदुपयोग गरिने छ।
- उपभोक्ताका हक हीतलाई सम्मान गर्न बजारमा स्वस्थ प्रतिस्पर्धा हुने वातावरण बनाउन सुरक्षा निकाय, नागरिक समाज, उद्योग बाणिज्य संघ र प्रेससंग सहकार्य उपभोक्ताको अधिकार संरक्षणसम्बन्धी र बजार अनुगमन लगायतका कार्यहरु गरिने छ।
- यस नगरक्षेत्र भित्र रहेका सबै किसिमका व्यापार व्यवसाय गर्नेहरुले आफ्नो व्यापार व्यवसाय अनिवार्य रुपमा नगरपालिकामा दर्ता/नवीकरण गर्नु पर्ने नीति लिइने छ।

अन्त्यमा, यो नीति तथा कार्यकम तयार गर्ने कार्यमा मलाई प्रत्यक्ष तथा परोक्ष रुपमा सल्लाह, सुझाव दिई सहयोग गर्नु हुने नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरु, कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभा सदस्य, नगरबासी विद्वतवर्ग, साथै सर्म्पूण

मित्रजनहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु । यो नीति तथा कार्यक्रम तथा बार्षिक विकास योजनालाई परिमार्जन गरी कार्यान्वयन योग्य बनाउनका लागि रचनात्मक सल्लाह सुझाव र प्रतिक्रिया दिनु हुन सरोकार पक्षहरुलाई विनम्रताका साथ अनुरोध गर्दछु । धन्यवाद ।

अर्जुन मावोहाङ
नगर प्रमुख
लालीगुराँस नगरपालिका बसन्तपुर, तेह्रथुम,

मिति २०७७।०३।१४

चो?लुङ पार्क